**त्रियुगा नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम  बक्तव्य**

त्रियुगा नगरपालिकाको तेह्रौ नगरसभाका सभाअध्यक्ष तथा नगर उपप्रमुखज्यू,

नगरसभाका सदस्यज्यूहरू,

त्रियुगा नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, त्रियुगा नगरपालिकाको नगर सभाको तेह्रौ अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

त्रियुगा नगरपालिका नगर सभाको यस गरिमामय बैठकमा त्रियुगा नगरपालिकाको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको दुई वर्ष पुरा भएको छ । यस अवधिमा नगरको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायहरुवाट भएको सहयोग, सहकार्य र समन्वयको लागि त्रियुगा नगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

दुई वर्षे कार्यकालमा त्रियुगा नगरपालिकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेको छ । मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को शीघ्र सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नविन, सिर्जनात्मक र ग्रामिण तथा सहरी सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमको शुरुवात गरिएको छ । नगर सभा, नगर कार्यपालिका, सचिवालय, विभाग र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ ।

नगरसभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ ।समितिको क्षेत्राधिकारभित्रका विषयमा व्यवस्थापकीय तथा कार्यकारी भूमिका समितिबाटै निर्वाह गर्ने, अभ्यासलाई शुरुवात गरिएको छ । आवश्यक विषय तथा क्षेत्रगत नीति तथा कानुन तर्जुमा, योजना तथा परियोजनाको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको  उपयोग र नगरवासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी शासन प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौं ।घरबाटै सेवा प्राप्त गर्ने नागरिकको सार्वभौम अधिकारको सम्मान गर्दै सार्वजनिक सम्पत्तिको प्रयोग सार्वजनिक हित र भलाई प्रयोजनमा गर्ने नीतिलाई जोडदार रुपमा अघि बढाएका छौं ।

मूलतः **सबल र समुन्नत गाँउ-नगर** बनाउने संकल्प र स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो अभिष्ट हो । सुरक्षित सहरीकरण र सहरी सुव्यवस्था त्रियुगा को लागि अर्को सुधार गर्नुपर्ने प्रमुख क्षेत्र हो ।त्रियुगाको फोहर व्यवस्थापन लामो समयदेखि समस्याको रुपमा रहँदै आएको सन्दर्भमा यसको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि निरन्तर प्रयास गरिरहेका छौ ।सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज वनाउन अनिवार्य छ ।जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरुका

लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संविधान, आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारको नीति तथा कार्यक्रम, दीगो विकास लक्ष्य, संघीय र प्रदेश सरकारको बजेट बक्तव्य, संघीय तथा प्रदेशले जारी गरेका नीति कानूनहरु तथा मापदण्डहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु विकासका अन्तरसम्बन्धित बिषयहरु,स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA),स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन FIDUCIARY RISK ASSESSMENT(FRA),र नगरसभा सदस्यहरुले दिनु भएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । साथै, जिल्ला र नगरस्थित राजनीतिक दल, संघसंस्था, समाजसेवी र त्रियुगा नगरवासी आमा-बुवा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई ध्यान दिएको छु । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु ।

**अव म यस सम्मानित वैठकमा चालु आर्थिक वर्ष (२०८०।०८१ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छुः**

## क.आर्थिक विकास क्षेत्र

### १) कृषि विकास अन्तर्गत

- कृषि विकास अन्तर्गत चालु आ.व. मा देहायका सामाग्रीको लागि अनुदान उपलब्ध गराईएको ।

| सि.नं. | कृषि सामाग्री | वितरण भएको क्षेत्र | परिमाण |
|---|---|---|---|
| १ | मिनी टिलर (हातेटयाक्टर) | त्रि.न.पा.-६,७,८,१०, १२ र १५ | १४ |
| २ | कम्बाईन मिल | त्रि.न.पा.-६,७,८ र १५ | ८ |
| ३ | सिंचाई मोटर | त्रि.न.पा. | ५९ |
| ४ | कुटान पिसान मिल | त्रि.न.पा.-२ र १५ | २ |
| ५ | थ्रेसर | त्रि.न.पा.-१५ | १ |
| ६ | मकैछोडाउने मेशिन | त्रि.न.पा.-१० र१५ | २ |
| ७ | ड्याङवनाउने मेशिन | त्रि.न.पा.-९ र १२ | २ |
| ८ | बेसार उत्पादन, प्रशोधन रप्याकीङ तथा लेवलिङ मेसिन | त्रि.न.पा.-३ र १४ | १ |
| ९ | पराल काटने मेशिन | त्रि.न.पा.-८ | १ |
| १० | हार्भेष्ट क्रेट | त्रि.न.पा.-३ र १४ | ४५ |

**द्रष्टव्यः**कृषि यन्त्र ५०-७५% सम्म र सिचाई सामाग्रीमा ८५%सम्म अनुदान

- साना सिंचाई अन्तर्गत वडा नम्बर ६,७,८,१५ र १६ मा गरि जम्मा ८ वटा कुलो निर्माण कार्य भईरहेकोमा आ.व. ०८०/०८१ को अन्त्यसम्ममा ४ वटा सम्पन्न हुने र बाँकी ४ वटा आ.व.०८१/०८२ मा सम्पन्न गर्ने लक्ष्य लिएको।
- कृषि सेवा अन्तर्गत प्रत्यक्ष तथा अप्रत्यक्ष लाभग्राही तथा सेवाग्राही गरि कुल ४६३९ जनालाई सेवा उपलब्ध गराईएको ।

**ख) <u>पशु सेवा अन्तर्गत</u>**

- बाख्रा पालन प्रवर्द्धन कार्यक्रम मार्फत त्रि.न.पा १५ टाँटरिवोटेमा ९ वटा नँया बाख्राको खोर निर्माण र १३ वटा बाख्राको खोर सूधार भएको ।
- बाख्रा पकेट विकास निरन्तरता कार्यक्रम मार्फत त्रि.न.पा १४ धापखर्कमा ८ वटा नँया बाख्राको खोर निर्माण र ३ वटा बाख्राको खोर सूधार भएको ।
- त्रियुगा नगर क्षेत्रभित्रका ९ हजार गाई भैसीमा खोरेत रोग बिरुद्धको निःशुल्क खोप लगाईएको छ ।
- त्रियुगा नगर क्षेत्रभित्रका ३९ हजार १ सय ५० वटा बाख्राहरूमा पि.पि.आर रोग बिरुद्धको निःशुल्क खोप लगाईएको छ ।
- रेविज रोग नियन्त्रणका लागि कुकुर विरालोमा निःशुल्क खोप सेवा सञ्चालनमा रहेको छ ।
- बाख्रा पालन प्रवर्द्धन कार्यक्रम मार्फत त्रि.न.पा १५ टाँटरिवोटेमा ३ थान बाख्राको दाना बनाउने मेशिन वितरण गरिएको छ ।

## <u>ख. सामाजिक क्षेत्र</u>

### <u>१.शिक्षा तर्फ</u>

- विद्यालयहरूमा कक्षा १ देखि कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम **त्रियुगा ज्ञानमाला** निर्माण भई पठनपाठन भईरहेको।
- ईन्स्योर परियोजना अन्तर्गत ओजेटि सहितको १० महिने तालिम संचालन भईरहेको । **जसअन्तर्गतः**
  - ✓ प्रोफेस्नल लाईट भेकल मेकानिक :२० जना
  - ✓ प्रोफेस्नल बिल्डिङ्ग ईलेक्ट्रिसिप, :२० जना
  - ✓ प्रोफेस्नल कुक :२० जना गरी **जम्मा ६० जना सहभागि लाभान्वित भएको ।**
- सामुदायिक विद्यालयमा कक्षा, तह, विषय, र विद्यार्थी सङख्याको अनुपातमा शिक्षकको दरवन्दी मिलान तथा विद्यालयको तह घटुवा गरिएको छ।
- नगरपालिका भित्र संचालित निजि विद्यालयहरुको मासिक शुल्कमा एकरुपता ल्याउनका लागि नगरपालिकाद्वारा शुल्क निर्धारण गरि कार्यान्वयनमा ल्याईएको छ ।
- त्रियुगा नमुना मा वि मा आईटि ल्याब निर्माण गरिएको छ ।
- **शैक्षिक छात्रवृति कोष** स्थापना गरि संचालनमा ल्याईएको ।

## २.स्वास्थ्य तर्फ

❖ ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत त्रियुगा नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीहरूबाट गर्भवति महिलाहरूलाइ निशुल्क भिडियो एक्स रे सेवा उपलब्ध गराइदै आएको ।
❖ जटिलता सहितका गर्भवति एव सुत्केरी महिलालाइ निसुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइदै आएको ।
❖ वृहत स्वास्थ्य शिविर संचालन गरि ३० जना महिलाहरूलाइ पाठेघरको मुखको क्यान्सर को प्रारम्भिक पहिचान गरि व्यवस्थापन गरिएको ।
❖ मानसिक स्वास्थ्य समस्याको लागि निशुल्क औषधि व्यवस्थापन गरिदै आएको छ ।
❖ स्वास्थ्य चौकी भुमरसुवाको भवन निर्माण सम्पन्न गरिएको तथा वडा नं.१५ मा आधारभुत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरिएको ।
❖ देउरी,खैजनपुर र सुकौरामा प्रयोगशालाको संचालनको लागि आवश्यक सामाग्री व्यवस्थापन गरिएको।
❖ त्रियुगा नगरपालिकामा बसोबास गर्ने सम्पुर्ण बालबालिकालाइ उमेर अनुसार प्राप्त गर्नुपर्ने खोप लगाइ पुर्णखोप युक्त नगरपालिका कायम गरिएको छ।
❖ डेङ्गु मलेरीया लगाएत किटजन्य रोगहरू विरूद्ध जनचेतनामुलक कार्यक्रम तथा किटनाषक औषधि छिटने कार्य संचालन गरिएको ।
❖ कोभिड १९ विरूद्ध खोप अभियान संचालन गरिएको ।
❖ दादुरा रूवेला र पोलियो रोग विरूद्द अभियान संचालन गरि १०६ वटा खोप केन्द्र स्थापना गरि अभियान संचालन गरिएको।
❖ क्षयरोग मुक्त अभियान अन्तर्गत त्रियुगा नगरपालिकाका सम्पुर्ण वडाहरूमा सुक्ष्म योजना तर्जुमा गोष्ठी संचालन गरीएको ।
❖ त्रियुगा नगरपालिकाको सहयोगमा जिल्ला अस्पताल,उदयपुरमा डायलाईसिस सेवा सूचारु भएको ।
❖ त्रि.न.पा. ४ को फर्सेटमा मेडिकल कलेज स्थापनाको लागि सम्बन्धित निकायमा पहल तथा समन्वय गरिएकोमा उदयुरमा मेडिकल कलेजका लागि सम्भाव्यता अध्ययन गरिने भनि नेपाल सरकारको नीति कार्यक्रम तथा बजेटमा समावेश भएको ।

## ३. सुरक्षित आप्रवासन कार्यक्रम

❖ सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत सुरक्षित, मर्यादित, व्यवस्थित र नाफामूखी बैदेशिक रोजगार सम्वन्धी सूचना २८७३ सय जनाले लिएको, सीपमूलक तालिम सिफारिश ११ जना भएको छ ।बैदेशिक रोजगार सम्वन्धी विभिन्न उजुरी परेका ३३ केस मध्ये १७ वटा समाधान भएको छ । ठगी केस १ जनाको १ लाख, फरक काम परेकोमा २ जनाको २ लाख १६ हजार, सम्झौतामा समस्या भएको १ जनाको २ लाख ६० हजार, मृत्यू भएका २ जनाको आर्थिक सहायता ४२ लाख गरी जम्मा ४७ लाख ७६ हजार क्षतिपूर्ती तथा राहत उपलव्ध भएको छ ।

- वित्तीय साक्षारता कक्षा वडा नं. ८ र ११ मा ४ वटा कक्षामा १०४ जना सहभागी भई ८ जनाले नयाँ व्यवसाय शुरु, १३ जनाले व्यवसाय बढोत्तरी र बचत वृद्दी ८६ जनाले गरेकाछन् ।बैदेशिक रोजगार सम्वन्धीका मनोसामाजिक परामर्श सेवा ५ जनालाई भईरहेको छ ।
- आ.व.२०८१/०८२ बाट यस कार्यक्रमको लागि स्थानीय तहको लागत साझेदारीमा कार्यक्रम संचालन हुने संघीय सरकारको नीति बमोजिम सुरक्षित आप्रवासन कार्यक्रम संचालनार्थ १५ लाख साझेदारी गरिएको छ ।

**४.बहुक्षेत्रीय पोषण**

- बहुक्षेत्रीय पोषण कार्यक्रम आ.व.२०८१/८२ मा वडा नं. ५ र ६ मा लक्षित गरे अनुसार वडास्तरीय खाद्य तथा पोषण समितिको सकृयता वडा नं. ५, ६, १४ र १५ मा भएको, वडा नं. ५ र ६ का ५ महिना देखि ५९ महिनासम्मको बालबालिकाको पोषण अवस्था थाहा पाउन महिला स्वयंसेविका मार्फत पाखुराको नाप लिने कार्य भएको छ । यस कार्यक्रमको बजेट फुकुवा हुन नसकेकोले सुनौला हजार दिनको विपन्न आमाहरुको आयआर्जन सम्वन्धीको कार्यक्रम संचालन हुन सकेन् ।
- गुणस्तरीय पोषण सेवाको उपलव्धता र पहुँचको सुनिश्चितता गर्दै मानव जीवन चक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित बहुक्षेत्रीय पोषण योजना तेस्रो (आ.व.२०८०/८१-२०८७/८८) संचालित रहेको छ र यस कार्यक्रमको लागि स्थानीय तहको लागत सहभागिता समेत अनिवार्य रहेकोले सोको लागि चालु आ.बाट नै सहभागिता बढाउँदै लगिएको छ ।

**५. टोल विकास**

समुदाय परिचालनको माध्यमबाट समावेशी, समतामूलक, वातावरणमैत्री दिगो विकास हासिल गर्नका लागि टोल विकास संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुसार टोल विकास संस्थाहरुको दर्ता, नविकरण र संस्थागत विकासको लागि आगामी आ.व.बाट वडा कार्यालयबाट नै काम हुने गरी कार्यविधि संशोधन गरिएको छ ।

टोल विकास संस्थाहरुलाई विउ पूँजी, क्षमता विकास, नमूना टोल घोषणा जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ ।

**६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- जनप्रतिनिधि र सरोकारवालाहरुलाई बालमैत्री स्थानीय शासन सम्वन्धी क्षमता अभिवृद्दी २०८३ भित्र त्रियुगा नगरलाई बालमैत्री बनाउन प्रतिबद्द भई सोही अनुसारका बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।
- वालवालिकाहरुको हितमा कृयाशिल संघ संस्थाहरूसंग समन्वय र सहकार्य गरी वालश्रमिक, सडक तथा अनाथ वालवालिकाहरूको उद्धार, राहत र पुन:स्थापनाको कार्यहरु गरिएको छ ।
- महिला सुरक्षा थलो सचालन गर्ने संस्थाहरुसग समन्वय गरी हिंसामा परेका महिलाको तत्काल उद्दार, सुरक्षा तथा पुन:स्थापना सम्वन्धीको कार्यलाई प्रभावकारी रुपमा सचालन गरिएको छ ।

- लैङ्गिक हिङसा रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत १८२ जनालाई परामर्श लगायत अन्य सेवा, वडा नं. १०, १४ र १६ का ६ जना हिंसा प्रभावितलाई एबिसी र एपरोन नेपालसँग समन्वय गरी सीपका माध्यमबाट सहज जीवनयापनको लागि क्षमता विकास गरिएको छ र ३ जनाले व्यवसाय संचालन गरिरहेकाछन् भने २ जना किशोरीलाई अध्ययनको लागि जेन्टलहर्ट फाउण्डेशनमा प्रेषण गरिएको छ ।
- लैङ्गिक हिंसा परी मानसिक समस्या भएका ७ जनालाई कोशिस नेपालमा उपचारको व्यवस्था गरी घरमा पुनस्थापन र २ जना उपचाररत रहेकाछन् ।
- कोशी प्रदेश, करुणा फाउण्डेशन र त्रियुगा नगरपालिकाको साझेदारीमा अपाङ्गताहरुको हकहित संरक्षण तथा प्रर्वद्धनको लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम समुदाय र घरदैलोसम्म प्रभावकारी रुपमा पुगिरहेको छ । यस कार्यक्रम अन्तर्गत १९३२ जना अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन भएको, सबै वडामा चिकित्सकीय सेवा टोली सहित शिवीर संचालन भई १३९८ जनाले प्रत्यक्ष सेवा प्राप्त भई अपाङ्गता परिचयपत्र नविकरण तथा नयाँ परिचयपत्र पाएको र घरमै परिचयपत्र वितरण गरिएको छ ।सबै वडामा अपाङ्गता भइका व्यक्ति तथा अभिभवाकहरुको मिलिजिलि समूह निर्माण भई आयआर्जनका लागि विउ पूँजि र नियमित बैठक संचालनका लागि हरेक वडाका समूहलाई ५० हजारका दरले बैक खातामा रकम पठाईने व्यवस्था मिलाईएको छ ।
- बाल अपाङ्ग टेवा समाजबाट ४३ थान र दमक अपाङ्ग समाजबाट २० थान नगरपालिकाको साझेदारीमा व्हिलचियर व्यवस्था गरी बितरण गरिएको छ ।

## ७. गैर सरकारी संस्था

- नगर क्षेत्रमा सचालित गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी संस्थाहरुको अभिलेखाङ्कन गरी प्रभावकारी नियमन गरिएकोछ ।
- नगर भित्र कार्यक्षेत्र रहेका गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरूको कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाईएकोछ ।
- गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी नगरको प्राथमिकताका क्षेत्रहरुमा कार्यक्रम सचालन गरिएकोछ ।

## ८. भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्धन

- त्रियुगा नगरमा बोलिने सबै भाषा, भाष्य, लिपी र कला, साहित्य र संस्कृतिको अध्ययन अनुसन्धान गरी अभिलेखीकरण गरिने कार्यक्रम राखिएकोछ ।
- नगरभित्र परम्परादेखि चलिआएका धार्मिक एवं सांस्कृतिक मेला तथा पर्वहरूलाई संरक्षण र सम्वर्द्धन गरिएको छ ।

## ९. बालबालिका

- वि.सं २०८३ सम्म बालमैत्री नगर घोषणा गर्न चैत्र मसान्त सम्ममा बालमैत्री स्थानीय शासन अबलम्बन र घोषणा प्रतिबद्धता जाहेर गरिएको ।जसका लागि १-१६ वटै वडामा डाटा संकलन(कोबो एप) मार्फत डाटा संकलन गरिदैआएको ।

❖ छोरी प्रोत्साहन कार्यक्रम संचालन गरिदैआएको ।
❖ विपन्न दलित जनजाती र सिमान्तकृत महिलाहरुको लागि आत्मनिर्भर कार्यक्रम अन्तर्गत २५ जना महिलाहरुले व्यक्तिगत व्यवसायको शुरुवात गरेका ।
❖ जोडि दम्पति तालिम मार्फत ३० जोडि दम्पतिलाई लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धि तालिम प्रदान गरिएको ।
❖ राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत २५ जना सहभागीले व्यवसायीमुलक तरकारी खेति त्रि न पा ३ मा गर्दै आएको ।

**१०.पन्जिकरण अन्तर्गत**

❖ सामाजिक सुरक्षा विरतण कार्यका लागि ९ वटा बैकसंग सम्झौता भई EFT प्रणाली मार्फत भुक्तानी प्रणालीलाई सहज गरिएको ।
❖ पुर्णरुपमा फोटो सहितको सामाजिक सुरक्षा कार्यक्रम संचालन गरी अनलाईन घटना दर्ता लागू गरिएको ।
❖ आ.व. २०८१।०८२ देखि डिभाईस बाट अन्लाईन रुपमा वडा बाटै सामाजिक सुरक्षा भत्ताको नबिकरण गर्ने व्यवस्थाको तयारी गरिएको।
❖ त्रैमासिक रुपमा सामाजिक सुरक्षा कार्यक्रम संचालन गरी ९४१४ जना सेवाग्राहिलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।
❖ पुराना घटना दर्ताहरुलाई अनलाईन गरिएको ।

## ग.पूर्वाधार विकास तर्फ

❖ नगरपालिकाको प्रशासनीक भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
❖ WORLD BANK तथा त्रियुगा नगरपालिकाको संयुक्त लगानीमा वडा नं १०,११,१२ र १३ मा करिब १४.५ कि.मि. स्मार्ट शहरको परिकल्पना अनुसार आधुनिक सडक निर्माण कार्य संचालन भईरहेको ।
❖ १ नं वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
❖ ९ नं वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
❖ १२ नं वडा कार्यालय भवन निर्माण कार्य भईरहेको ।
❖ ७ नं वडाको स्वास्थ्य चौकी भवन निर्माण गरिएको।
❖ १३ नं वडाको लक्ष्मीपुर स्कुल भवन तथा १५ नं वडामा रहेको जनता मा वि डहरको भवन निर्माणकार्य सम्पन्न गरिएको।
❖ ५ नं वडा स्थित भुलर खोला र खारखोला र १५ नं र १६ नं वडाको भूभाग जोड्ने बरुवा रातापानी डहरमा झोलुङ्गेपुल निर्माण गरिएको।
❖ त्रि न पा ८ र ९ स्थित उत्तराईटोल चौकीबारी जोड्ने सरस्वती खोलामा ट्रस पूल निर्माण गरिएको।
❖ त्रि न पा ८ शाहिखोलामा प्रि स्ट्रेस पूल निर्माणाधिन रहेको ।

- त्रि न पा ८ स्थित बैरेनिमा कबर्डहल निर्माण गरिएको ।
- वाल मन्दिर मा वि को भवन निर्माण कार्य सम्पन्न भएको ।
- बरुवा क्याम्पसको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको।
- भारतीय सरकारको सहयोग तथा नगरपालिकाको संयुक्त लगानिमा श्रीपुर खानेपानी आयोजना संचालन भईरहेको ।
- उज्यालो नगरका लागि गाईघाट बजारमा स्मार्ट स्ट्रिट लाईट जडान गरिएको।
- चालु आ.व. मा कुल २५७५ मिटर सडक कालोपत्रे तथा १२२५५ मिटर सडक ग्रावेल गरिएको ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत हेविटयाट नेपालको सहयोग तथा हुरन्डेकको सहजिकरणमा हालसम्म कूल ४२ वटा बाँसको घर निर्माण सम्पन्न गरिएको ।
- विभिन्न वडाहरुमा नँया तथा अधुरा भवन,सडक,कल्भर्ट,नाला निर्माण गरिएको ।

## घ. वन तथा वातावरण तथा विपद् व्यवस्थापन

- त्रियुगा नगरपालिकाको वन ऐन,२०८० जारी गरि कार्यान्वयनमा ल्याईएको ।
- हुरिवतासबाट छाना उडाएका घर परिवारलाई राहत सामाग्री वितरण गरिएको साथै घर पसलमा आगलागि भएका २६ घर परिवारलाई रु १०,०००/- का दरले राहत वितरण गरिएको ।
- सुनकोशी नदीमा डुबेर मृत्यु भएका ३ वटा वालवालिकाको ३ घर परिवारलाई प्रतिपरिवार रु २५,०००/- का दरले काजक्रिया खर्च पिडित परिवारलाई उपलब्ध गराएको ।
- नदी कटान रोकथाम र पहिरो रोकथाम तथा नियन्त्रणका लागि संवेदनशिल क्षेत्रमा तारजालि वितरण गरिएको ।

## ङ. सुशासन तथा संस्थागत विकास

- जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता विकास सम्बन्धि तालिम संचालन गरिएको ।
- चालु आ.व.मा न्यायिक समितिमा दर्ता भएका मुद्दा संख्या ७९, वडा मेलमिलाप केन्द्रमा दर्ता भएको निवेदन संख्या ८६ गरि जम्मा १६५ मुद्दा दर्ता हुन आएकोमा न्यायिक समितिबाट ५६ वटा र वडा मेलमिलाप केन्द्रबाट ८६ गरि जम्मा १४२ वटा मुद्दा फर्छोट भएको ।
- चा.लु आ.व. २०८०/०८१ को जेष्ठ मसान्त सम्म कुल आन्तरीक आयबाट रु ९ करोड ५७ लाख ४८ हजार आय संकलन गरिएको ।
- राजश्व सुधार कार्ययोजना तर्जूमा गरि राजश्वका सम्भाव्य क्षेत्र पहिचान गरि राजश्व संकलनमा उल्लेखनिय कार्य भएको ।

**अव म यस सम्मानित वैठकमा आगामि आर्थिक वर्ष (२०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु,**

## क) आर्थिक विकास क्षेत्र

**उपक्षेत्र १ः कृषि तथा खाद्य सुरक्षा**

**१. आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकीरण**

- उत्पादन र उत्पादकत्व बढाउन कृषि क्षेत्रमा आधुनिकीकरण, व्यावसायीकरण र साना यान्त्रिकीकरणमा जोड दिइनेछ।
- कृषिलाई मर्यादित पेशा र उत्पादनमूलक व्यवसायका रूपमा विकास गर्न वैदेशिक रोजगारीबाट फर्केका तथा कृषि पेशालाई व्यवसायीक रुपमा संचालन गर्न चाहाने युवा, महिला समूह र कृषक समूहलाई लक्षित गरी बिनाधितो रु दुई लाख सम्म सहुलियतपूर्ण कृषि ऋण उपलब्ध गराउन बैक तथा वित्तिय संस्थासंग समन्वय गरि ऋण उपलब्ध हुने व्यवस्था गरिनेछ।
- माटो परीक्षण प्रयोगशालाको विस्तार गरी माटोको प्रकार, गुणस्तर र जलवायु अनुकूल खेतीका लागि प्राविधिक सेवा उपलब्ध गराउनका लागि दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।
- कृषि उपजको बजारीकरणका लागि कृषकले आफनो लगानीका आधारमा उत्पादनको उचित मूल्य पाउन सक्ने गरी सूचना प्रविधिको प्रयोग गरिनेछ।
- बीउ,औजार,प्रविधि,उत्पादन, भण्डारण, प्रारम्भिक प्रशोधन र बजारीकरण सम्बन्धी कार्यहरु गर्न संघीय तथा प्रादेशिक सरकारसंग समन्वय र सहकार्य गरिनेछ।
- जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा आउन सक्ने रोग, महामारी र विपद् जोखिमलाई न्यूनीकरण गर्न बाली-बीमा तथा जलवायु अनुकूलन पूर्वतयारी कार्यक्रम सञ्चालन गरिनेछ।

**२.खाद्य सुरक्षा र आत्मनिर्भरताः**

- खाद्यान्नको सहज उपलब्धताको लागि उन्नत खाद्यान्न बिउ वितरण कार्यक्रम संचालन गरिनेछ ।
- संघीय सरकारसँगको सहकार्यमा आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम मार्फत तरकारी, आलु लगायतको कृषि उपजको उत्पादन र बजारीकरणको सुनिश्चितता गरिनेछ।
- कृषि उत्पादनका लागि आवश्यक शीतभण्डार, सङ्कलन केन्द्र, बिक्री केन्द्रजस्ता पूर्वाधार विकासका लागि सम्बन्धित निकायसंय समन्वय तथा पहल गरिनेछ।
- प्राङ्गारिक कृषिको प्रवर्द्धन र प्रोत्साहन गर्दै उत्पादित कृषि उपजलाई प्राथमिकता दिई बजारका लागि साझा सुविधा केन्द्र स्थापना गरिनेछ।
- स्थानीय क्षेत्रमा उत्पादित कृषि उपजको बजार व्यवस्थापन गर्न सहजीकरण गरिनेछ।
- व्यावसायिक र विशिष्टीकृत कृषिको विकास गरी खाद्यान्न र उच्च मूल्यका बालीहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ।
- सम्भाव्य स्थानको खोजि गरि चिया तथा कफिको उत्पादन गर्ने कार्यको थालनी गरिनेछ।

### ३. बजारीकरणका लागि सहजीकरण

- ❖ कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण र बजारीकरणको व्यवस्था गरिनेछ।
- ❖ बजारको माग अनुसार कृषि उत्पादनलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा सहकारी कृषि प्रणालीको प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- ❖ कृषि पर्यटन प्रवर्द्धन गर्न संघ, प्रदेश र निजी क्षेत्र समेतको सहकार्यमा थप जोड दिइनेछ। नगरस्तरको कृषि प्रोफाइल तयार गर्न किसानको सूचीकरण र कृषक परिचयपत्र तयार गरि कार्यान्वयन गरिनेछ।
- ❖ त्रि.न.पा-१३ स्थित हवाईफिल्डमा रहेको सगरमाथा कृषि बजारलाई व्यवस्थित गरिनेछ।

### ४. बाली विविधीकरण

- ❖ कृषि उत्पादनमा विविधीकरण गर्ने नीति लिइनेछ।
- ❖ नगरपालिका क्षेत्रमा नगदे बालीका रुपमा रहेका अदुवा, बेसार आदिको उत्पादन र बजार प्रवर्द्धन गर्न पहल गर्नूका साथै त्रियुगा नगरपालिका भित्र हावापानी र भूगोलका आधारमा गुरास तथा विभिन्न प्रजातिका पुष्प व्यवसाय प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- ❖ जडीबुटी तथा बेमौसमी खेतीतर्फ किसानलाई आकर्षित गर्ने नीति लिइनेछ।

### ५. क्षमता विकास

- ❖ सहयोगि तथा साझेदारी संस्था मार्फत कृषकको क्षमता विकास गर्न आवश्यक तालिम र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ वडा र टोल विकास संस्थासंगको साझेदारीमा कृषि,पशुपालन, उद्यम व्यवसाय र गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

### ६. दिर्घकालिन कृषि रणनीतिक योजना

- ❖ दिगो कृषि प्रवर्द्धनका लागि नगरपालिकाद्वारा तर्जुमा भएको दिर्घकालिन कृषि रणनीतिक योजनाको क्रमश कार्यान्वयन गरिनेछ।

## उपक्षेत्र २ : सिंचाई

### १. सिंचाइ सुविधा विस्तार

- ❖ नगर क्षेत्र भित्रका कृषियोग्य जमिनमा उपयुक्त प्रविधिबाट सिंचाइ सुविधा विस्तार गर्न दातृ निकाय, संघ, प्रदेश र स्थानीय तहको साझेदारी र सहकार्यमा आयोजनाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ।
- ❖ सिंचाई क्षेत्रका आयोजना पहिचान, छनौट, कार्यान्वयन, संचालन र सेवाको लागि एकद्वार प्रणाली अवलम्वन गरिनेछ।
- ❖ सम्पन्न सिंचाइ योजनाको मर्मत सम्भार, पुराना नहर र कल्भर्टको व्यवस्था र मुहान संरक्षण गर्ने कार्य अवलम्बन गरिने तथा सिंचाइ आयोजनाको नियमित मर्मत सम्भार र दिगो व्यवस्थापनका लागि आवश्यक कार्य संचालन गरिनेछ ।

**उपक्षेत्र ३: पशुपन्छी विकास**

**१. पशुधन विकास र उत्पादन**

- ❖ सरकारी सहयोग र ग्रामीण समुदायसंग समन्वय गरी पशुधन उत्पादन क्षेत्र र सम्बन्धित उद्योगहरूलाई प्रोत्साहन गरिनेछ।
- ❖ हरियो घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ र पशुको दानामा प्रयोग हुने अन्नको गुणस्तरमा सुधार गरिनेछ। कृषकहरूलाई उन्नत जातका व्यावसायिक गाईपालन र पौष्टिक पशु दाना र घाँसको सहयोग मार्फत दूध उत्पादन बढाउन प्रोत्साहित गरिनेछ।
- ❖ स्थानीय हावापानी अनुकूल पशुपालनलाई प्रोत्साहन गर्ने र पशु स्वास्थ्य सेवामा सुधार गरिनेछ। मत्स्यपालन कार्यक्रमलाई व्यवसायीकरण गरी पशुपालनका लागि किसान समूह र सहकारीसंग सहकार्य गरिनेछ।
- ❖ त्रियुगा नगरक्षेत्र भित्र पशुपंक्षी पालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छि श्रोतकेन्दको रूपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादन दुध, फुल, मासुको उत्पादनमा वृद्धि गरिनेछ ।
- ❖ बाझो रहेको तथा कबुलियति बनमार्फत घाँस खेति कार्यक्रम लागु गरी घाँसको श्रोत केन्द्र स्थापना गर्न प्रोत्सहान सोरूप अनुदानको ब्यवस्था गरिने छ ।
- ❖ स्थानीय कुखुरा प्रवर्धनको लागि ह्याचरी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- ❖ पशुपन्छी मृत्यु दर न्यून गर्न, कृषकको पशुधन सुरक्षा गर्न उपचार तथा प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- ❖ पशु आहारामा सुधार गर्ने तथा उत्पादन लागत कम गराउन मिनिरल ब्लकको प्रयोग, स्थानिय स्तरमा दाना बनाई प्रयोग गराउने,घाँसको खेतीको विकासको लागि घाँसको विउ तथा विरूवा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ उन्नत नश्लको विकासको लागि कृत्रिम गर्भाधान सेवा कार्यक्रमलाई थप प्रभावकारी वढाई उन्नत नश्लको बिकासलाई निरन्तरता दिइनेछ ।
- ❖ संघिय सरकारबाट सञ्चालन भएको एक गाउँ विकास समिति एक पशु सेवा प्राविधिक कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- ❖ त्रियुगा नगरपालिकाको पशुपालन क्षेत्रको समग्र विकासको लागि संघिय तथा प्रदेश सरकार वा अन्य दातृ निकाय, सँघ,सँस्था, निजि क्षेत्र, सहकारी तथा वित्तिय क्षेत्र सँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ ।

**२. रोग नियन्त्रण र रोकथाम**

- ❖ पशुधन र स्वास्थ्यको रक्षा गर्न पक्षु रोग नियन्त्रण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। पशु रोगहरूको निदान, रोकथाम र नियन्त्रणका लागि खोप अभियान सञ्चालन गरिनेछ । सङ्घीय र प्रदेश सरकारसंगको सहकार्य र समन्वय मार्फत पशुधनको महामारी नियन्नण गरिनेछ। महामारीको रूपमा देखापरेको लम्कि स्किन डिजिजको रोकथामको लागि आवश्यक क्रियाकलापहरू संचालन गरिनेछ।

३. प्राविधिक विकास यान्त्रिकीकरण

- ❖ कृषि यान्त्रिकीकरण र गोठ सुधार सहित पशुपालनको व्यवसायीकरण गर्ने कार्यक्रमहरु संचालनमा ल्याइनेछ। उन्नत जातको सेक्सड सिमन प्रयोगलाई निरन्तरता दिइ निजी सेवा प्रदायकहरूसंग समेतको सहकार्यमा कृत्रिम गर्भाधान सेवाको विस्तार गरिनेछ। पशु जन्य उत्पादनका लागि किसान समूह र सहकारीहरुसंगको सहकार्यमा प्रशोधन कारखानाहरू निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

४. ग्रामीण विकास र जीविकोपार्जन

- ❖ ग्रामीण अर्थतन्तलाई टेवा पुप्याउन बाख्रा पालन व्यवसायलाई संरक्षण गर्ने कार्यक्रमहरू मार्फत पशुपालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।पशुपालनको जोखिम कम गर्न पशु बीमालाई प्रोत्साहन गरिनेछ।

उपक्षेत्र ४: उद्योग तथा व्यापार

१. व्यापार सुशासन र संरक्षण

- ❖ व्यापार सुशासन र संरक्षणका लागि उद्योग, व्यवसायी संघ र संस्थाहरुसंग सहकार्य र समन्वयको नीति अवलम्बन गरिनेछ।लघु उद्यम संचालन तथा प्रवर्द्धनका लागि सहुलियत ऋणका लागि बैंक तथा वित्तिय संस्था संग समन्वय गरिनेछ ।

२. उद्योगहरूको अनुगमन र प्रोत्साहन

- ❖ सरोकारवालाहरू सैगको सहकार्य र समन्वयमा बजार र उद्योगहरूको निरन्तर अनुगमन गरिनेछ। स्थानीय तहमा उपलब्ध सोत र कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगलाई प्राथमिकतामा राखी प्रवर्द्धन गर्ने नीति लिइनेछ। उच्च मूल्य भएका र निर्यातयोग्य बस्तुहरुको उत्पादन गर्ने उद्योग स्थापना तथा सञ्चालन गर्न सहकारी तथा व्यापारिक फर्महरूलाई प्रोत्साहन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका नवप्रवर्तनशील, अनुभवी तथा दक्ष उद्यमशील युवाहरुलाई उद्योग व्यवसाय सुरु गर्नका लागि अनुकूल वातावरण सिर्जना गरिनेछ। गुणस्तरीय र प्रतिस्पर्धी उत्पादन र भरपर्दो व्यवसाय सञ्चालनलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।

३. रोजगारी सृजना र सीप विकास

- ❖ बजारको मागअनुसार गुणस्तरीय र प्रतिस्पर्धी उत्पादनलाई प्रोत्साहन गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ। युवा उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्न औद्योगिक जनशक्ति निर्माण गर्न सहकार्य र समन्वयमा सीप विकासका विभिन्न तालिम तथा कार्यक्रमहरू संचालन गरिनेछन्।

४. साना उद्यमहरूको लागि समर्थन

- ❖ दिगो साना उद्यमहरूलाई सहयोग गर्न उद्यम विकास कोषको संचालनलाई निरन्तरता दिइनेछ। त्रियुगा नगर क्षेत्रमा व्यवसाय गर्न चाहने साना किसानलाई विभिन्न बैंक तथा वित्तीय संस्थामा सहज ऋण उपलब्ध गराउन आवश्यक समन्वय र पहल गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन गरिनेछ।

## उपक्षेत्र ५ः पर्यटन तथा संस्कृति

### १. एकीकृत पर्यटन गुरुयोजनाको नीति

- नगर क्षेत्रमित्र नयाँ पर्यटकीय स्थल र पर्यटकीय उत्पादनको पहिचान र विस्तार गरी पर्यटनको विकास र प्रवर्द्धनका लागि एकीकृत पर्यटन गुरुयोजना तयार गरी पर्यटनको विकास र विविधीकरण गर्ने नीति लिइनेछ। सम्भाव्य पर्यटकीय स्थल पहिचान गरी पूर्वाधार विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

### २. पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने

- नगर क्षेत्रभित्रका पर्यटकीय महत्वका ठाउहरू व्यवस्थित रूपमा विकास गर्दै सर्वकालीन पर्यटकीय गन्तव्य (सबै मौसमका लागि पर्यटक स्थल) का रूपमा विकास गर्ने नीति लिइनेछ। त्रियुगा नगरपालिका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका होटल तथा अन्य व्यवसाय स्थापना र सञ्चालन गर्न निजी व्यवसायी र सार्वजनिक-निजी साझेदारीमार्फत ठूलो मात्रामा लगानी आकर्षित गर्न पहल गरी नगरलाई पर्यटकीय गन्तव्य Evergreen Tourist Destination का रुपमा विकास गरिनेछ। साथै त्रि.न.पा १४,१५ र १६ तथा रौतापोखरी लाई समेत समेटेर बैथुम्कीडाँडा हिल स्टेशन निर्माणका लागि सम्बन्धित निकायमा पहल गरि निर्माण कार्य प्रारम्भ गरिनेछ।वडा नं २ को सनुवा चाँप पोखरीको DPR तयार भएकोमा सो स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।त्रियुगा,बरूवा र लुवाले खोलाको संगम स्थल त्रिवेणीलाई खुला पार्क तथा उद्यानको रुपमा विस्तार गर्दै लगिने छ । वडा नं २ को प्रस्तावित रामजानकी चारधार,त्रिपुरेश्वर शिवालय मन्दिर लाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ ।वडा नं १० को सूर्यकिरण बाबरी हरियाली पार्कको DPR तयार भएकोमा सो स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।साथै साहसिक खेल प्याराग्लाईडिङ्गको लागि वडा नं १० र ११ को रमाईलो डाँडा र वडा नं १६ को तारेभिरको लागि पर्यटन मन्त्रालयबाट एयर स्पेसको अनुमति प्राप्त भईसकेकोले प्याराग्लाईडिङ्गको लागि प्रचार प्रसार तथा प्रवर्धन गरिनेछ ।वडा नं १४ को सुनकोशिमा र्याफ्टिङ्ग संचलनको लागि आवश्यक व्यवस्था तथा प्रवर्धन गरिनेछ ।वडा नं १६ मा अवस्थित जाल्पादेवि मन्दिरलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ

### ३. गुणस्तरीय पर्यटन अभ्यास

- गुणस्तरीय पर्यटन अभ्यास कार्यान्वयन गरिनेछ।होटल, होमस्टे र अन्य पर्यटकसंग सम्बन्धित संस्थाहरूको अनुगमन र नियमनलाई थप व्यवस्थित गरिनेछ।

### ४. परम्परागत र आधुनिक प्रविधिको प्रवर्द्धन

- पर्यटन विकासका लागि पुरातन र अत्याधुनिक प्रविधिको प्रवर्द्धन गरिनेछ। त्रियुगा नगरपालिका क्षेत्रमा पर्यटन सूचना केन्द्र स्थापना गरी DIGITAL ANALYTICAL SYSTEM प्रणाली संचालनमा ल्याइनेछ।प्याराग्लाईडिङ्ग तथा अन्य मनोरञ्जनका कार्यहरुमा जोड दिईनेछ ।

**५. सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन**

- ❖ जैविक, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण नगर क्षेत्रमित्रका नयाँ पर्यटकीय गन्तव्यको पहिचान गरी सो को संरक्षण र प्रवर्द्धन गरिनेछ। पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभूत सेवा सुविधा सुनिश्चित गरिनेछ। ऐतिहासिक तथा पुरातात्विक महत्वका सांस्कृतिक, धार्मिक, विविध भाषा, कला र सम्पदाको संरक्षण र संवर्द्धन गर्दै माग अनुसार पर्यटन पूर्वाधार र सेवा विस्तार गर्ने नीति लिइनेछ।

**६. ग्रामीण पर्यटन तथा सरसफाई अभियान**

- ❖ ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रका रूपमा प्रवर्द्धन गर्न र फोहोरमैला व्यवस्थापन गर्न सफा घर सुन्दर आँगन अभियान सञ्चालन गर्ने नीति लिइनेछ। नगर क्षेत्रभित्र सामुदायिक पिकनिक स्थल, चलचित्र सुटिड स्थलको विकास र प्रवर्द्धन गर्न पहल गरिनेछ।

**७. सामुदायिक होमस्टे र परम्परागत मनोरन्जन**

- ❖ सामुदायीक होमस्टे प्रवर्धनका लागि होमस्टेहरुको संस्थागत क्षमता विकास र प्रवर्धन गरिनेछ ।

**८.रोजगारी र आर्थिक विकास**

- ❖ पर्यटन क्षेत्रको विस्तार गरी आय आर्जन र रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

**<u>उपक्षेत्र ६. भूमि व्यवस्था सहकारी तथा उद्यम विकास</u>**

**१.सहकारी विकासका नीतिहरू**

नगरभित्रका सहकारी संस्थाहरुको सुशासन कायम गर्ने नीति लिइनेछ । अन्तर सहकारी संस्थाहरू बीच समन्वय र सहकार्यको वातावरण सिर्जना गरिनेछ । सबै सहकारीहरूलाई एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गरिनेछ । सहकारीको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गरिनेछ । सहकारीलाई एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ । सहकारीको नियामक प्रणालीलाई थप कडा बनाउँदै नगरपालिकाको प्रचलित कानुन, सहकारी ऐन विपरीत सञ्चालन हुने सहकारीलाई खारेज गर्ने नीति लिइनेछ । सहकारीको संस्थागत क्षमता, वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा टेवा पुर्‍याउने नीति लिइनेछ । सहकारीलाई सहुलियत पूर्ण कर्जा र अनुदान योजनामा पहुँच बढाउन सहजीकरण गर्ने नीति लिइनेछ ।सञ्चालनमा रहेका सहकारी संस्थाको क्षमता अभिवृद्धि, संस्थाको सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने नीति लिइनेछ । सहकारीको पूँजी र लगानीलाई व्यावसायिक कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

**२. वित्तीय समावेशीकरण र साक्षरता**

नगरवासीहरूलाई बैंक तथा वित्तीय संस्थामा सहज पहुँच पुर्याउन वित्तीय साक्षरता विस्तार र औपचारिक कारोबारलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**३. भूउपयोग योजना**

जग्गासम्बन्धी समस्या समाधान गर्न सहजीकरण गर्ने नीति लिइनेछ । भूउपयोग नीति र कानुनी व्यवस्थाका आधारमा भूउपयोग योजना तर्जुमा गरिनेछ । स्थानीय भू-उपयोग परिषदले स्वीकृत गरेको भू-उपयोग योजना

अनुसार भूमिको प्रयोग गरिनेछ । निजी तथा सरकारी खेती योग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।

### ४. जग्गा वितरण

- ऐलानी जग्गाको नाँपजाँच कार्यलाई निरन्तरता दिई भूमिहिन दलित,भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासिहरुलाई भूमि आयोगको समन्वयमा जग्गा वितरण कार्यलाई जोड दिईनेछ ।

## उपक्षेत्र ७.श्रम तथा रोजगारी

### १.रोजगारी सिर्जना र श्रम बजार विस्तार

सरोकारवालसंग समन्वय गरी रोजगारीको क्षेत्र विस्तार र रोजगारीका अवसरहरु अभिवृद्धप गर्न एकीकृत प्रयास गरिनेछ ।स्थानीय रोजगारीको अवस्था अध्ययन गरी दिगो, समावेशी ,मर्यादित र व्यवस्थित श्रम बजार सुनिश्चित गरिनेछ ।स्थानीय युवालाई स्वरोजगार बनाई श्रम बजारमा आकर्षित गर्न पहल गरिनेछ ।

### २. श्रम अधिकार र कल्याण

नगर क्षेत्रका संगठित उद्योगमा कार्यरत श्रमिकका लागि प्रचलित कानूनले तोकेको न्यूनतम पारिश्रमिक दर लागू गर्न पहल गरिनेछ।सहरी क्षेत्रमा संगठित र असंगठित क्षेत्रमा काम माग्ने श्रमिकलाई परिचयपत्र उपलब्ध गराइनेछ।श्रमिकहरूलाई सामूहिक दुर्घटना बीमा कार्यक्रममा आवद्ध गरिनेछ। विभिन्न सीप र श्रममा संलग्न नेपाली नागरिक कामदारको पहिचान गरी सूचीकृत **१३८१** बेरोजगारलाई श्रम बजारको मागअनुसार थप दक्ष र सक्षम जनशक्ति विकास गर्न तालिम दिने व्यवस्था मिलाइनेछ।न्यूनतम पारिश्रमिक र पेशागत स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डहरू लागू गरिनेछ।

### ३. वैदेशिक रोजगारी

- वैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवालाई स्वरोजगार, व्यवसायिक तथा उद्यमशीलताको क्षेत्रमा सक्षम बनाउन सीप तथा क्षमता अभिवृद्धि, प्राविधिक तथा वित्तीय तथा अन्य पूर्वाधार विकास सहायताका लागि आवश्यक पहल गर्न, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई प्रमाणित गरी उद्यमशीलता विकासमा प्रयोग गर्न एवम् सुरक्षित आप्रवासनका साथै वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको पुनःएकीकरणका कार्यक्रमहरुलाई अधि बढाउन संघ, प्रदेश सरकार र विकास साझेदारहरुसंग समन्वय र सरकार्य गरिनेछ।

### ४. रोजगार सेवा

- **श्रमको सम्मान राष्ट्रको अभियान** लाई साकार गर्न नगरपालिकाका विभिन्न योजना तथा सार्वजनिक विकास कार्यमा श्रमप्रधान प्रविधिको प्रयोगलाई प्राथमिकता दिई स्थानीय बेरोजगारलाई रोजगारी प्रदान गरिनेछ।
- नगरपालिका क्षेत्रमित्रका रोजगारदाताको तथ्याङ सङ्कलन गरी रोजगारदाता र बेरोजगार व्यक्तिबीच सम्पर्क स्थापित गर्न **रोजगार संवाद मञ्चको** संचालन गरिनेछ ।

- बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु पुन:श्रम स्वीकृतिको अनलाईन प्रक्रिया सेवा,वैदेशक रोजगार लाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउन रोजगार सेवा केन्द्र मार्फत सेवा प्रवाह गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अति विपन्न वर्गका सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पालिका भित्र विभिन्न रोजगार योजनाहरु मार्फत न्यूनतम रोजगारमूलक कार्यक्रम श्रृजना गरिने छ ।
- त्रियुगा नगरपालिकाको रोजगार रणनीति २०८० मा भएको व्यवस्था अनुसार श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिक प्रतिको धारणामा व्यावहारिक परिवर्तन ल्याउने, श्रम तथा रोजगारीको क्षेत्रमा सबै किसिमका भेदभाव (व्यक्तिको उत्पति, धर्म, जातजाती, लिङ्ग, वर्ण, भाषा, क्षेत्र, बैचारिक आस्था आदि) लाई न्यूनीकरण गर्दै लैजान **"त्रियुगाको अभियान श्रमिकको कामको सम्मान"**, **"त्रियुगामा समान काम समान ज्याला"**, **"त्रियुगामा शोषण रहित श्रमिक"** आदि कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय श्रम बजारको माग बमोजिमको सीप तथा क्षमता अभिवृद्धि गर्ने अभियान **"सीप सिकौ रोजगर बनौ"** कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्कि आएका व्यक्तिहरुको ज्ञान सीपको अभिवृद्धि गर्दै निजहरुमा रहेको अनुभव,पुँजी तथा प्रविधिको उपयोग गरि सामाजिक तथा आर्थिक **पुनःएकिकरण कार्यक्रम** संचालन गरिनेछ ।

### ५. आप्रवासी कामदारको सशक्तीकरण

सुरक्षित आप्रवासन आपतकालीन कोष प्रयोग गरिनेछ र रोजगारीका लागि विदेश गएका व्यक्तिहरूको प्रोफाइल तयार गरिनेछ। आप्रवासी कामदारको क्षमता अभिवृद्धिलाई निरन्तरता दिई आप्रवासी बहुउद्देश्यीय सहकारीलाई प्रवर्द्धन गरिनेछ।

### ६. पूर्वाधार विकास

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना र कामको आधारमा पारिश्रमिक जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने निर्माण सामग्री, औजार र श्रम सुरक्षा सामग्री खरिद गर्न बजेटको व्यवस्था गरिनेछ।

### उपक्षेत्र ८: गरिबी निवारण

१. स्व-रोजगार र उद्यमशीलता विकास स्वरोजगार कार्यक्रमअन्तर्गत कृषि, पशुपालन, साना तथा घरेलु उद्योग, कालीगढ तथा सौप अभिवृद्धि कार्यक्रम, कृषि उपज सङ्कलन, हाट बजार व्यवस्थापनमा सहकारी संस्थाहरूलाई प्राथमिकता दिने नीति लिइनेछ।

### २. शहरी गरिवी न्यूनीकरण र सामाजिक पूंजी निर्माण

नगर क्षेत्रका विभिन्न समूहबीच सहकार्य गरी शहरी गरिबी न्यूनीकरण र सामाजिक पुँजी निर्माणमा जोड दिने नीति लिइनेछ। गरिबी निवारणका लागि साझेदारी, सहकार्य र समन्वयमा लघु उद्यमशीलता विकास र सीप विकास कार्यक्रम संचालन गर्ने नीति लिइनेछ। विगतका वर्षहरूमा गरिबी निवारणका लागि संचालन भएका उद्यम विकास कार्यक्रमहरूलाई पुनःस्फूर्त तालिम र रोजगारीसंग जोड्ने नीति लिइनेछ।

### ३. गरिबी पहिचान र लक्षित कार्यक्रमहरू

गरिबी निवारण सम्बन्धी स्थानीय नीति र पहिचान मापदण्ड तयार गरी दिगो विकास लक्ष्यका पाँच खम्बा र सत्र लक्ष्य हासिल गर्न सकिने कार्यक्रमहरूतयार गरिनेछ। विपन्न परिवारको पहिचानका लागि संङ्कलन भएका तथ्याङ्का आधारमा परिचयपत्र वितरण सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।गरिबी पहिचान गरी गरिबका लागि लक्षित कार्यक्रमहरू संचालन गनें नीति लिइनेछ। गरिवलाई लक्षित गरी रोजगारी तथा स्वरोजगार सीप विकास तालिम तथा शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

## ख. सामाजिक क्षेत्र

### उपक्षेत्र १ः शिक्षा, भाषा, कला तथा साहित्य

**१. समावेशी शिक्षा**

- विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना हुने सुनिश्चितता गरिनेछ। अति विपन्नताको कारणले विद्यालय जान नसकने अवस्था भएका विद्यार्थी, पारिवारिक द्वन्द्व, विपद् वा समस्यामा परेका बालबालिकाको शिक्षाको हक सुनिश्चितताका लागि पोशाक, शिक्षण सामग्री लगायतको व्यवस्था गरिनेछ।
- सुस्त श्रवण विद्यालयमा दक्ष जनशक्ती व्यवस्थापन गरी विशेष क्षमता भएका बालबालिकाको सिकाईमा प्रोत्साहन गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना तर्जुमा, संचालन तथा नियमन गरिनेछ, साथै औपचारिक शिक्षाबाट बञ्चित नागरिकका लागि अनौपचारिक शिक्षाको प्रबन्ध गरिनेछ।

**२. विद्यालय शिक्षकको क्षमता विकास**

- शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरूको संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गणित तथा विज्ञान जस्ता विषयको सिकाइ उपलब्धी वृद्धि गर्नका लागि आधारभूत तहका शिक्षकहरूलाई कक्षाकोठामा आधारित तालिम संचालन गरिनेछ। हरेक विषयका रोष्टर प्रशिक्षकको चयन गरी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिने तथा रोष्टर प्रशिक्षक मार्फत विषयगत रुपमा देखिएका शैक्षिक समस्या समाधान गर्न शिक्षकहरूलाई सहयोग शैक्षिक सुपरीवेक्षणको वैज्ञानिक पद्धति लागू गरिनेछ।

**३. छात्रवृत्ति**

- **'त्रियुगा नगरपालिकाको इच्छाः सबैलाई गुण्स्तरिय शिक्षा "** भन्ने अभियानलाई अगाडि बढाई विपन्न जेहेन्दार गरीब, दलित तथा लोपोन्मुख जातिको उच्च शिक्षामा पहुँच विकास गर्नका लागि छात्रवृत्तिको दायरा विस्तार गरी थप छात्रवृत्ति प्रदान गरिने छ।
- शैक्षिक छात्रवृति कोषलाई थप गर्दै कोषको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**४. अतिरिक्त क्रियाकलाप**

- हरेक माध्यमिक विद्यालयमा विद्यालयको संस्थागत सुधारका लागि विद्यालय विद्यार्थी परिषद् स्काउटिड र जुनियर रेडक्रस सर्कल, पूर्व विद्यार्थी मञ्चको स्थापना र सञ्चालन तथा सबै विद्यालयमा बाल क्लबको गठन र संचालन गरिनेछ। नगरभित्रका विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकूद, भाषा, साहित्य, कला, सङ्गीत, सांस्कृतिक पक्ष, हाजिरीजवाफ आदि जस्ता कार्यक्रमहरु प्रतियोगितात्मक रुपमा संचालन गरी विद्यार्थीहरूको चौतर्फी विकासको निम्ति बाह्र महिना बाह्र कार्यक्रम संचालनलाई जोड दिइनेछ।
- सुस्त श्रवण विद्यालयमा दक्ष जनशक्ती व्यवस्थापन गरी विशेष क्षमता भएका बालबालिकाको सिकाईमा प्रोत्साहन गरिनेछ। विविध कारणवश विद्यालय भर्ना हुन नसकेको तर निजी रुपमा अध्ययन गरेको व्यक्तिलाई सम्बन्धित वडाले गरेको सिफारिसको आधारमा निजको क्षमता र स्तरको जाँच परीक्षण गरी विद्यालयले मापदण्ड बनाई कक्षा ८ सम्म भर्ना परीक्षा दिन पाउने आवश्यक व्यवस्था गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना तर्जुमा, संचालन तथा नियमन गरिनेछ, साथै औपचारिक शिक्षाबाट बञ्चित नागरिकका लागि अनौपचारिक शिक्षाको प्रबन्ध गरिनेछ।
- अन्तर मा.वि मेयर रनिंग शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइने छ |
- प्रत्येक शुक्रबारलाई बुक फि फ्राइडे को रुपमा मनाउने कार्यलाई निरन्तरता दिइने छ |

## ५. वाल शिक्षा

- 'हरेक वडा, व्यवस्थित शिशु स्वाहार कार्यक्रम संचालन गरी हरेक वर्ष हरेक वडामा कम्तिमा एक व्यवस्थित बाल विकास केन्द्र वडा कार्यालयको समेत समन्वयमा निर्माण गरिनेछ।

## ६. नियमन र गुणस्तर सुधार

- सार्वजनिक विद्यालयहरूमा गुणस्तरीय शिक्षामा जोड दिइनेछ। विद्यालयहरुको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन, कक्षा थप र अनुमति दिने तथा विद्यालय समायोजन गर्ने कार्य गरिनेछ। सामुदायिक विद्यालयमा कक्षा, तह, विषय, र विद्यार्थी सङख्याको अनुपातमा शिक्षकको दरवन्दी मिलान गरिनेछ। शिक्षकहरूको कार्य सम्पादन र विद्यार्थी सङख्याको अवस्था हेरी शिक्षकहरूलाई शैक्षिक सत्र मिल्ने गरी आवधिक सरुवा व्यवस्था लागू गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक र शिक्षकसंग गरिने कार्यसम्पादन करारका सूचकलाई व्यवस्थित गरिने लक्ष्य र उपलव्धिको मापन गर्ने प्रणाली अवलम्बन गरिनेछ। राम्रो अभ्यास तथा उत्कृष्ट कार्य र सिकाई उपलब्धी हासिल गर्ने आधारभूत तथा माध्यमिक विद्यालय तथा काम गर्ने शिक्षक, बाल शिक्षक, निजी सोतका शिक्षक र कर्मचारीहरुलाई वार्षिक रुपमा छनौट गरी पुरस्कृत गर्ने कार्य निरन्तरता दिइनेछ।
- कक्षा १-५ को स्थानीय पाठयक्रम तयार भएको तथा ६-८ सम्मको स्थानीय पाठयक्रम तयार गरि नगरपालिका भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अनिवार्य स्थानीय विषयका रुपमा लागू गर्ने तथा समयसापेक्ष रूपभा पाठयक्रम र पाठयपुस्तक परिमार्जन गर्दै लगिने नीति लिइनेछ।

- गणित, अङग्रेजी र विज्ञान शिक्षकहरूको समूह बनाइ गणित, अङग्रेजी र विज्ञान विषयको गुणस्तर सुधारका लागि थप कार्यक्रम संचालन गरिनेछ। विद्यालयबाट प्राप्त ज्ञानलाई प्राविधिक, वैज्ञानिक, रोजगारमूलक, शीपमूलक र व्यवहारिक बनाउन गणितसंग खेती,गणितीय धारण बसाऔ भन्ने नारा सहित गणित र विज्ञानको विषयको प्रतिस्पर्धात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालयको आर्थिक कार्य प्रणालीलाई पारदर्शी तथा विद्यालयको आन्तरिक सुशासन प्रवर्द्धन गर्न न.पा.बाट आले.प. गर्ने तथा शैक्षिक प्रगति र वित्तीय उपलब्धी आवधिक रुपमा सार्वजनिक गर्ने पद्दतिको विकास गरिने तथा सामुदायिक विद्यालयहरूको आर्थिक लेखा सम्बन्धी कार्यविधि बमोजिम नियमनलाई प्राथमिकतामा राखी आर्थिक सुशासनको सुनिश्चितता गरिनेछ । शैक्षिक परामर्श सेवा संचालन र नियमन गरिनेछ।
- विद्यालयहरूमा अध्ययन गर्ने बालबालिकाहरूका अभिभावकहरूले आफ्ना बालबालिका अध्ययन गर्ने विद्यालयमा एक शैक्षिक सत्रमा कम्तीमा चार पटक विद्यालयमा अनिवार्य उपस्थित भई आफनो बालबालिकाको पृष्ठपोषण लिने तथा विद्यार्थी परिचयपत्रलाई समेत निरन्तरता दिई अनुगमनलाई थप प्रभावकारी बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

**७. नमुना विद्यालय कार्यक्रम**

- विद्यालयलाई नमुना विद्यालयको रूपमा अगाडि बढाउने कार्यलाई निरन्तरता दिन त्रियुगा नमुना माध्यमिक विद्यालयमार्फत अनुभव र तालिम संचालन गरी अन्य विद्यालयमा कार्यक्रम विस्तार गरिनेछ ।

**८. शैक्षिक पूर्वाधार विकास**

- सामुदायिक विद्यालयहरूलाई शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार तथा घेराबाराको कार्यलाई प्राथमिकताको आधारमा गरिनेछ। सार्वजनिक स्थल तथा सामुदायिक विद्यालयमा पुस्तकालय, वाचनालय, सामुदायिक अध्ययन केन्द्र संचालन गरिनेछ।विद्यालयहरुमा यस अगाडि भौतिक निर्माण भएका बिद्यालयहरूमा निर्माण समपन्न भएका भौतिक संरचनाहरुलाई अपाङ्ग मैत्री संरचनाको रुपमा व्यवस्थापन गर्द लगिने र अब निर्माण हुने हरेक भौतिक संरचना अपाङ्क मैत्री बनाइनेछ।
- प्रविधि विकासका लागि उचित व्यवस्था गरिनेछ। विद्युतीय शिक्षण सामग्री उत्पादन गरी आवश्यकताको आधारमा अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। साथै सबै सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र इन्टरनेट सुविधा पुर्याइनेछ। सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ।

**९. प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम**

- ईन्स्योर परियोजना मार्फत १० महिने प्रोफेस्नल कार्पेन्टर र मोटरसाईकल मेकानिक तालिम २०८२ असोज सम्मको लागि २०-२० जना गरी जम्मा ४० जनालाई तालिम उपलब्ध गराईनेछ ।
- प्राविधिक शिक्षालाई थप व्यवसायीक बनाउदै लगिनेछ ।

**उपक्षेत्र २ : आधारभूत स्वास्थ्य तथा पोषण**

**१. पहुँचयोग्य र गुणस्तरीय स्वास्थ्य सेवाहरू**

उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबैनगरवासीको सर्वसुलभ, सहज र समान पहुँचको सुनिश्चितता गरिनेछ। नगर क्षेत्रमित्र संचालित अस्पताल र स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवामा विस्तार गरी गुणस्तर सुधार गरिनेछ। आयुर्वेद औषधालयहरूलाई सेवा प्रवाह सुधार गर्न आवश्यक सहयोग र समन्वय गरिनेछ। डिजिटल स्वास्थ्य संस्था र एकीकृत स्वास्थ्य सूचना प्रणालीको कार्यान्वयनलाई निरन्तरता दिइनेछ,स्वास्थ्य संवेदनशील सूचकहरूको अवस्थाको निगरानीका लागि डबास बोर्ड कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। निशुल्क वितरण हुने औषधी, औजार उपकरण र स्वास्थ्य सूचना प्रणालीसंग सम्बन्धित सामग्रीको नियमित उपलब्धता सुनिश्चित गर्न संघ प्रदेश र अन्य निकायसँग समन्वय गरिनेछ । औषधी तथा सामग्रीको उपलब्धता र वितरणमा पारदर्शिता कायम गर्न सबै स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाइनेछ।

**२. स्वास्थ्य पूर्वाधार विकास**

स्वास्थ्य क्षेत्रमा आधुनिक पूर्वाधार निर्माणका लागि संघ, प्रदेश र अन्य साझेदार निकायसंग समन्वय र सहकार्यलाई प्राथमिकता दिइनेछ। हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गतामैत्री, किशोरमैत्री र पोषणमैत्री स्वास्थ्य संस्थाका रूपमा विकास गरिनेछ। एम्बुलेन्स परिचालन र व्यवस्थापनलाई सुदृढीकरण गरी नगर क्षेत्र भित्र छिटो छरितो एम्बुलेन्स सेवा उपलव्ध गराउन सम्पर्क प्रणालीमा सुधार गरिनेछ। स्वास्थ्य संस्थाहरुको स्वामित्वमा रहेका चल अचल सम्पत्ति तथा उपकरणहरुको संरक्षण र प्रभावकारी उपयोगमा विशेष ध्यान पुर्याइनेछ।साथै सम्पूर्ण स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ ।त्रि.न.पा.-४ फार्सेटमा मेडिकल कलेज स्थापनाको लागि सम्बन्धित निकायमा थप पहल तथा समन्वय गरिनेछ ।

**३. दक्ष जनशक्ति विकास**

स्वास्थ्य क्षेत्रमा कार्यरत चिकित्सक, स्वास्थ्य कर्मी र अन्य कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी आयोजना गरी दक्ष जनशक्ति उत्पादन गरिनेछ ।स्वास्थ्य संस्थामा स्वीकृत दरबन्दी अनुसार दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका मार्फत सामुदाय स्तरमा स्वास्थ्य सचेतना कार्यक्रमलाई प्रभावकारी बनाउन प्रोत्साहन, क्षमता अभिवृद्धि, तथ्याङ्क सङकलन र अभिलेख व्यवस्थापनको जिम्मेवारी पूरा गर्न योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**४. स्वास्थ्य र पोषण प्रोफाइल**

स्वास्थ्य र पोषण प्रोफाइल तयार गरी पूर्ण पोषित नगरवासीको परिकल्पना सहित दक्ष मानव पुंजी विकास गर्ने नीति लिइनेछ। आगामी वर्ष कम्तीमा दुईवटा वडालाई पोषणमैत्री वडा घोषणाको तयारी गरिनेछ ।

**५. महामारी तथा नसर्ने रोग नियन्त्रण**

महामारी रोग तथा प्रकोपको सामना गर्न कार्ययोजना बनाइनेछ। आवश्यक स्रोत साधनसहित वडा तथा नगर स्तरीय प्रतिकार्य टोली परिचालन गरिनेछ। महामारी रोग विरुद्ध काम गर्ने कर्मचारीहरूलाई प्रोत्साहन/जोखिम भत्ताको व्यवस्था गरिनेछ। सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि प्रदेश र सङ्घीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ। कोभिड-१९ विरुद्धको खोप अभियानलाई निरन्तरता दिइनेछ।साथै पाठेघरको मुखको

क्यानसर विरुद्धको खोप नियमित खोप मार्फत संचालन गरिनेछ ।**मेयर संग जेष्ठ नागरिक सम्मान कार्यक्रम** संचालन गरि सामाजिक सुरक्षा भत्ता लिने जेष्ठ नागरिकको परिक्षण तथा आधारभुत औषधि को व्यवस्था गरिने छ।**आ.व २०८२/०८३ सम्ममा क्षयरोगको अन्त्य गरि त्रियुगा नगरपालिकालाई क्षयरोगमुक्त नगरपालिका घोषणा गरिनेछ ।**

**६. स्वास्थ्य सचेतना कार्यक्रम**

पाँच प्रमुख नसनें रोग (मुटु तथा रक्तनली सम्बन्धी रोग, मधुमेह, क्यान्सर, श्वासप्रश्वास सम्बन्धी दीर्घरोग, मानसिक स्वास्थ्य) सहित नसनें रोगको रोकथाम र नियन्त्रणका लागि सघन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। नगरपालिकाका वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, स्थानीय पत्रपत्रिका/एफएम मार्फत व्यापक जनस्वास्थ्य सचेतना सन्देश प्रवाह गरिनेछ। सुर्तिजन्य पदार्थ तथा अस्वास्थ्यकर खाद्यवस्तुको उत्पादन, बिक्री वितरण र वितरणमा कडाई गरी त्यस्ता वस्तुको उपभोगबाट हुने हानि बारे जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

**७. सुरक्षित मातृत्व तथा नवशिशु सेवा**

- ❖ गर्भवती तथा सुत्केरी महिलालाई फोलिक एसिड र क्याल्सियम वितरण कार्यक्रम संचालन गरिनेछ। सुरक्षित प्रसुतीका लागि उचित प्रसुती सेवाको व्यवस्था गरिनेछ।
- ❖ गर्भवति एव सुत्केरी महिलालाइ प्रेषण(रेफर) गर्दा निसुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइदै आएकोमा सो सेवालाई निरन्तरता दिईनेछ ।
- ❖ ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत त्रियुगा नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीहरूबाट गर्भवति महिलाहरूलाइ निशुल्क भिडियो एक्सरे सेवा उपलब्ध गराइदै आएकोमा सो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको लागि निशुल्क औषधिको व्यवस्थापन गरिनेछ ।

**८. विद्यालय स्वास्थ्य कार्यक्रम**

किशोरीहरुमा रक्तअल्पताको जोखिम न्यूनिकरण गर्न २६ हप्ता (१० देखि १९) उमेर समूहका किशोरीहरुलाई आइरन र फोलिक एसिड वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई अर्धवार्षिक रूपमा जुकाको औषधी खुवाउने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

**९. नगर अस्पताल संचालन र व्यवस्थापन**

स्वास्थ्य चौकि देउरीलाई नगर अस्पतालको रुपमा विस्तार गरि आ.व. ०८१/०८२ को प्रारम्भ देखि विशेषज्ञ चिकित्सकसँग परामर्शमार्फत दिगो रूपमा विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

**१०. हेल्थडेक्स संचालन र व्यवस्थापन**

सीमावती क्षेत्रमा हेल्थ डेस्कबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक पर्ने स्वास्थ्यकर्मी र भौतिक पूर्वाधारको व्यवस्थापनमा संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।

**११. निजी स्वास्थ्य संस्था अनुगमन**

निजी क्लिनिक, अस्पताल र स्वास्थ्य संस्थाको न्यूनतम मापदण्डको परिपालनाका सम्बन्धमा नियमित अनुगमनलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**१२. स्वास्थ्य बीमा नीति**

लक्षित समूहलाई प्राथमिकतामा राखी सबै नगरवासीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्ने नीति लिइनेछ।

**उपक्षेत्र ३ः खानेपानी तथा सरसफाई**

**१. पहुंच र उपलब्धता**

सबै नगरवासीको आधारभूत खानेपानी सेवामा पहुँच बढाउने नीति लिइनेछ। नगर क्षेत्र भित्र रहेका खानेपानीका स्रोतहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ।खानेपानी सेवाको विस्तार तथा खानेपानीका स्रोतको संरक्षण, विकास र प्रयोगमा सामुदाय तहको परिचालन र सहभागिता बढाउदै नगरवासीहरूको स्वामित्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**२. पूर्वाधार विकास**

मानवबाट निस्कने फोहोरमैलाको समुचित व्यबस्थापन र विकास कार्यहरु वातावरणमैत्री रुपमा संचालन गरिनेछ।संघ र प्रदेशको लगानी र नगरपालिकाको साझेदारीमा नगर क्षेत्रमा निर्माण भइरहेका रातमाटे लिफ्टिङ्ग,श्रीपुर,भुल्के खानेपानी आयोजनालाई तोकिएको समयावधिभित्र सम्पन्न गर्न सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरिनेछ। नगर क्षेत्रमित्र सञ्चालित खानेपानी आयोजनाको सेवालाई सुलभ, गुणस्तरीय र प्रविधिमैत्री बनाइनेछ। भरपर्दो सेवा सुनिश्चित गर्न पुराना र सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको नियमित मर्मत सम्भार र पुनर्स्थापनाको ग्यारेन्टी गरिनेछ। नयाँ खानेपानी आयोजनाको निर्माण र विस्तारमा संघ, प्रदेश र अन्य सरोकारवालासँग समन्वय र सहकार्यमा आयोजना संचालन गरिनेछ।

**३. वातावरण संरक्षण**

सतही र भूमिगत स्रोतहरूमा प्रदूषण नियन्त्रणका लागि कानुनी प्रावधान सहित प्रदूषण नियन्त्रण उपायहरू अपनाइनेछ। चालु खानेपानी आयोजनाको माग व्यवस्थापनलाई प्रोत्साहन गरी आपूर्ति सुधार गने उपायहरू अवलम्बन गरिनेछ।वर्षाको पानी संकलन, भण्डारण र बहुउपयोगलाई प्रोत्साहन गरिनेछ।

**४. नियमन र सहजीकरण**

सहरी क्षेत्रमित्र संचालित खानेपानी संस्थाहरूको सेवा सुधार, विस्तार र स्तरोन्नतिका लागि आवश्यक नियमन, मार्गदर्शन र सहजीकरण गरिनेछ ।

**५. उपभोक्ता सचेतना**

सुरक्षित खानेपानी सेवाको उपयोग सम्बन्धी उपभोक्ता केन्द्रित जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रकारका खानेपानी ( जार, बोतल) को गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन गरिनेछ।खानेपानी प्रविधि र चुहावट रोकथाम सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। पानीको किफायती र समुचित प्रयोगलाई प्रोत्साहन गर्न उपभोक्ता सचेतना कार्यक्रमहरू संचालन गरिनेछ।

## उपक्षेत्र ४: महिला, बालवालिका तथा सामाजिक समावेशीकरण

### महिला

### १. शक्तिकरण

महिलाका लागि आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ। महिला विकास कार्यक्रम मार्फत महिला समूह, समिति र संघसंस्थालाई निरन्तर सहयोग पुयाइनेछ। सार्वजनिक स्थल तथा कार्यालयमा स्तनपान कक्षको व्यवस्था गरीनेछ।

### २. स्वास्थ्य र कल्याण

- स्वास्थ्य समस्याको गम्भीरता र उपचार जटिलतालाई ध्यानमा राखी महिलाले भोगेका स्वास्थ्य समस्यालाई सम्बोधन गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। अति गरिब, एकल महिला, अविवाहित एकल महिला, अपाङता भएका व्यक्तिहरू र अति गरिब दलित परिवारका सदस्यहरू जस्ता लक्षित समूहहरूलाई समावेश गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ।

### ३. आर्थिक सशक्तिकरण

महिलालाई स्वरोजगार र स्वाभिमानी बन्न प्रोत्साहित गर्न महिलाको नाममा दर्ता भएका औद्योगिक व्यवसायमा निश्चित प्रतिशत शुल्क छुट दिने व्यवस्थालाई गरिनेछ। लघु उद्यम विकास कार्यक्रममार्फत गरिबी निवारण गर्न लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई निरन्तरता दिइ महिला उद्यमशिलता विकास, वित्तीय पहुँच, कृषि प्रविधि र बीउ पुंजीमा समेत सहयोग गरिनेछ। वस्तुको उत्पादनमा टेवा पुर्याउन बजारीकरणको सहजीकरण गरिनेछ।

### ४. सामाजिक सुरक्षा र समावेशीकरण

महिला, बालबालिका, दलित, आदिवासी, फरक क्षमता भएका नागरिक र उमेरका कारण निष्क्रिय अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई सकारात्मक विभेदका आधारमा विकासमा सहभागी हुने अवसर दिइनेछ। सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई साझा प्रयासमा एकीकृत गर्ने नीति अपनाइनेछ। मानव वेचविखन, अनाथ, महिला हिंसा, घरेलु हिंसाबाट पिडीतको संरक्षण र उद्धार गर्नको लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने कार्यमा संघीय र प्रदेश सरकार, तथा गैर सरकारी संघ संस्थासंग सहकार्य र समन्वय गरिनेछ। नगर क्षेत्रभित्र गठन हुने उपभोक्ता समिति, सहकारी तथा अन्य संस्थामा ३३ प्रतिशत महिला सहभागिताको नीतिलाई कायम गरिनेछ। त्रियुगा नगरपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत बालिका तथा अपाङता भएका बालिका तथा महिलालाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित बनाइनेछ।

### ५. महिला सुरक्षा वास

आफ्नो घरमा बस्न समस्या हुने लैङ्गिक हिंसामा परेका ३० जना हिंसा प्रभावित महिलाहरुलाई सुरक्षित आवास, मनोसामाजिक परामर्श, न्यायमा पहुँचका लागि महिला सुरक्षावासबाट सेवा प्रदान गरिएको छ। ओरेक नेपालसँगको साझेदारीमा संचालित सुरक्षावासको सेवालाई आगामी दिनमा अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

### ६. चेतना र वकालत

लैङ्गिक हिंसा न्यूनीकरण गरी नगरपालिकालाई लैङ्गिक हिंसामुक्त नगर घोषणा गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। मानव वेचविखन विरुद्ध साथ मानवअधिकार र महिला अधिकारका कार्यक्रमहरू संचालन गर्न सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरिनेछ। नगरका महिलाहरुमध्ये सवैभन्दा जेष्ठ महिलालाई त्रियुगा **नगर आमा घोषणा र सम्मान** कार्यक्रम गरिनेछ।

**७. बालमैत्री नगरपालिका**

वि.सं २०८३ चैत्र मसान्त सम्ममा बालमैत्री नगर घोषणा गर्न बालमैत्री स्थानीय शासन अबलम्बन र घोषणा प्रतिबद्धता जाहेर गरिएको छ । जसका लागि १-१६ वटै वडामा डाटा संकलन(कोबो एप) मार्फत डाटा संकलन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।साथै बालबालिका बाल अधिकारका चार स्तम्भ बाल संरक्षण, बाल सहभागिता, बाल विकास र बाल बचाऊलाई सुनिश्चित गरी बालमैत्री नगरपालिकाका सूचकहरूलाई दिगो रुपमा संस्थागत गर्न आवश्यक विभिन्न गतिविधिहरू संचालन गरीनेछ।बालबालिकाको अधिकार सुनिश्चित गर्न विकास योजना तर्जुमादेखि अनुगमनको चरणसम्म बालबालिकाको सहभागिताका लागि गठन भएका बाल क्लबहरुलाई क्रियाशिल बनाइनेछ।

**८. बालवालिकाको सहभागिता र नेतृत्व**

बालबालिकालाई भविष्यको अगुवाको रूपमा मात्र नभई वर्तमानको विकासमा पनि साझेदारको रूपमा व्यवहार गरिनेछ। बालबालिकासँग सम्बन्धित विषयमा नीति कार्यक्रम बनाउदा बालबालिकाको संस्थागत सहभागितालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। बालबालिकाको सर्वाङ्गगिण विकासका लागि उनीहरूको सहभागिता र नेतृत्वमा विभिन्न क्रियाकलाप संचालन गर्ने नीति लिइनेछ।

**९. बाल संरक्षण र सचेतना**

बालबालिकासंग सम्वन्धित सरोकारवाला निकाय परोपकारि संस्था र विकास साझेदार संस्थाहरुसंगको समन्वयमा बालसंरक्षण नीति तथा कार्ययोजना अबलम्वन गरिनेछ ।वाल विवाह,साइवर अपराध लागुऔषध दुर्व्यसन रोक्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

**१०. बाल विकास र पोषण**

- ❖ पोषणमैत्री नगरपालिका घोषणाका लागि स्थानीय क्षेत्रगत सूचकहरू पूरा गर्न कार्यक्रम तर्जुमा गरी कार्यान्चयन गरिनेछ। नगरपालिका क्षेत्रमित्र निर्माण गरिएको बालउद्यान सहितको बालमैत्री सिकाइ केन्द्रलाई थप व्यवस्थित बनाइनेछ।छोरी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

  साथै राष्ट्रिय लक्ष्य अनुरुप २०८७ साल भित्र पोषणमैत्री त्रियुगा नगर बनाउनका लागि आवश्यक बजेट र कार्यक्रम व्यवस्था गरिनेछ ।

**११. बालबालिकाका लागि संस्थागत रूपरेखा**

बालबालिकाको स्थिति प्रतिवेदन, बालबालिकाको वस्तुगत विवरण, बाल कोष संचालन कार्यविधि र बालबालिकासँग सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी बालबालिकाको आवधिक लगानी योजना अवलम्बन गरिनेछ।

<u>जेष्ठ नागरिक</u>

**१२.जेष्ठ नागरिक कल्याण कार्यक्रम**

ज्येष्ठ नागरिक र असहाय ज्येष्ठ नागरिकका लागि विशेष सुरक्षासहित यातायात र स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ। अन्तरपुस्ताको ज्ञान, अनुभव र सीप हस्तान्तरणका लागि निर्माण गरिएको ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गरी थम कार्यक्रमहरु विस्तार गरिनेछ।

**१३. ज्येष्ठ नागरिकलाई सम्मान र समर्थन**

ज्येष्ठ नागरिकको सम्मान गर्दै गरिब तथा अपाङगता भएका ज्येष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचयपत्र सहज रूपमा उपलब्ध गराउने र सहायक सामग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ।

**१४. ज्येष्ठ नागरिक संलग्रताः**

६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको सहभागितामा वडा तथा नगर स्तरमा नागरिक संजाल स्थापना गरिनेछ। ज्येष्ठ नागरिकको ज्ञान,अनुभव र सीप प्रयोग गरी ज्येष्ठ नागरिकको सामाजिक सांस्कृतिक र आर्थिक पहुँचमा सहजीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>अपाङ्गता</u>**

**१५. अपाङ्गता**

अपाङता भएका व्यक्ति, काम गर्न नसकने अपाङता र असहाय, आफनो हेरचाह गर्न नसक्ने महिला र पुरुष तथा बालबालिकाको पहिचान गरी सङ्घीय सरकार, प्रदेश सरकार र विकास साझेदारको सहयोगमा संरक्षण गर्न पहल गरिनेछ। अपाङगता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, मनोरन्जन, खेलकुद, रोजगारी, सहकारी, चित्रकला र आय आर्जनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। त्रियुगा नगरपालिका भित्र रहेका सबै अपाङगता भएका व्यक्तिहरुलाई वर्गिकरण अनुसारको परिचयपत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ।

**१.अपाङ्गता सहायता कार्यक्रम**

अपाङ्गता भएका व्यक्ति काम गर्न नसक्ने अपाङ्गगता र असहाय आफ्नो हेरचाह गर्न नसक्ने महिला र वालवालिकाको पहिचान गरि सङघीय सरकार प्रदेश सरकार र विकास साझेदारको सहयोगमा संरक्षण गर्न पहल गरिनेछ ।अपाङ्गता भएका व्यक्तिको शिक्षा ,स्वास्थय, मनोरञ्जन, खेलकुद ,रोजगारी, सहकारि, चित्रकला र आय आर्जनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

**२. असक्षमता पहुँचः**

- ❖ अपाङता भएका व्यक्तिको जीवन सहज बनाउन नगरक्षेत्रभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनाहरूलाई अपाङगमैत्री बनाइनेछ।
- ❖ १२ नं वडा स्थित बिसनपुरमा वृद्दाश्रम, बालआश्रम, अपाङ्गता भएका व्यक्ति तथा असहाय संरक्षणका लागि निर्माणाधिन साझा सेवा घरको समयमै निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याउन संघीय सरकार समक्ष समन्वय तथा पहल गरिनेछ ।

**३. स्वास्थ्य र स्वच्छता**

- ❖ अपाङ्गता हुन नदिनको लागि नव दम्पतिलाई शुभकामना कार्ड, नर्सिङ स्टाफलाई जन्मदोष पहिचान सम्वन्धी क्षमता अभिवृद्दीका कार्यक्रमहरू संचालन भई आगामी दिनमा अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा थप सहयोग साथै सहयोग सामाग्रीहरुको व्यवस्था गरी उनीहरुको जीवनयापन सम्मानित र सहज बनाईने छ ।

❖ सबै अपाङता परिचयपत्र भएका व्यक्तिहरुलाई स्वास्थ्य बीमामा आबद्ध गराइनेछ। अपाङगता भएका महिलालाई निःशुल्क सुरक्षित सेनेटरी प्याडर डायपर उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

**४. अपाङ्गता सशक्तिकरण**

त्रियुगा नगरपालिका मित्र अपाङगता भएका व्यक्तिहरुका लागि हेल्पडेक्सको व्यवस्थापनका लागि संघ/प्रदेशसंग समन्वय गरिनेछ। त्रियुगा नगरपालिकामित्रका अपाङ्गता भएका व्यक्तिहरुको जीवन सहज बनाउन सहायक सामग्री तथा उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**१६. सीमान्तकृत समुदाय**

**१६.१ दलित उत्थान**

दलित समुदायको अवस्था पहिचानका लागि प्रोफाइल तयार गरी दलित उत्थानका कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ। दलित समुदायका परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ। दलित वर्गको विकासका लागि सचेतना र सीप विकास तालिमको तर्जुमा र कार्यान्वयन गरिनेछ। दलित समुदायलाई व्यावसायिक उद्यमशीलता विकास तालिम दिने व्यवस्था मिलाइनेछ।

**१६.२ जनजाति समुदाय विकास**

आदिवासी जनजातिको संवैधानिक अधिकार सुनिश्चित गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका साथै भाषा, संस्कृति, परम्परा र प्राचीन सौपको संरक्षण र प्रवर्द्धन गरिनेछ। जनजाति समुदायको समग्र अवस्था अध्ययन गरी स्थिति पत्र तयार गरी सोका आधारमा कार्यक्रम तयार गरिनेछ। जनजाति महासंघको रणनीतिक कार्य योजना कार्यान्वयनमा सहयोग पुग्ने नीति अवलम्बन गरिनेछ।

**१७. भाषा, कला तथा साहित्य**

❖ भाषा, साहित्य, कला र सङ्गीतको विकासमा योगदान पुर्याउन नगर साहित्य कला तथा सङ्गीत प्रतिष्ठान र अन्य सरोकारवालहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ। भाषा, साहित्य कला र सङ्गीतसंग सम्बन्धित विषयका सामग्रीहरू तथा पुराना भेषभुषा, सामग्री, प्रविधि आदिको खोज अनुसन्धान गरी संरक्षण गर्ने र हस्तान्तरण गर्ने गरी सङ्ग्राहलय स्थापना गरिनेछ। विद्यालयमा भाषा, साहित्य कला तथा सङ्गीत विधाका फोकल शिक्षक तोकी विद्यालय स्तरमा विविध कार्यक्रम संचालन गरिनेछ। नगर क्षेत्रमित्र बोलिने मातृभाषाको अध्ययन तथा अद्यावधिक गर्नका निम्ती भाषा आयोगसँग समन्वय गरिने छ। नगर क्षेत्र भित्र बोलिने भाषाहरूको संरक्षण, सङ्कलन गर्नका लागि बहुभाषिक कविता, गीत, कथा, नाटक लगायतका विविध विधाहरूसंग सम्बन्धित बहुभाषिक क्रियाकलाप संचालन गरिनेछ।

**१८. सांस्कृतिक पूर्वाधार**

• भाषा, साहित्य, कला, दर्शन, आदि क्षेत्रमा योगदान पुयाएका व्यक्तित्वहरूको योगदानको समेत सम्मान हुने गरी शालिक तथा पार्क निर्माण गर्ने नीति लिइनेछ। नगर साहित्य तथा कला सङ्गीत प्रतिष्ठानको छुट्टै कार्यालय व्यवस्थापन/भवन निर्माण गरी पुस्तकालय, सङ्ग्रहालय आदिको व्यवस्था गरिनेछ। त्रियुगा नगर चिनारी,

नगरको वार्षिक साहित्य सङ्ग्रह, नगरका बालबालिकाको प्रतिभा स्मारिका, युवा तथा जेष्ठ नागरिकको सिर्जना सङग्रह जस्ता सामग्रीहरूको निर्माण र प्रकाशन गरिनेछ ।

**उपक्षेत्र ५ः युवा तथा खेलकूद**

**१. पूर्वाधार विकास**

युवाहरूमा शारीरिक गतिविधि र स्वस्थ जीवन प्रवर्द्धन गर्न खेल मैदान, रंगशाला, फिटनेस सेन्टर जस्ता खेलकुद पूर्वाधारको विकास र मर्मतसम्भार गरिनेछ। सीमान्तकृत समुदायका युवाहरूलाई लक्षित गरी खेलकुद सुविधा र तालिममा पहुँच पुयाउन विशेष कार्यक्रमहरु तर्जुमा गरिनेछ। त्रि.न.पा. १२ मा त्रियुगा क्रिकेट खेलमैदान निर्माण कार्यलाई तिब्रता दिईनेछ ।

**२. सीप विकास र रोजगारी**

खेलकुद क्षेत्रको विकासका लागि खेलाडीहरूलाई तालिम तथा प्रशिक्षणको प्रबन्ध गरिनेछ। खेलकुदसंग सम्बन्धित व्यवसायहरू जस्तै उपकरण निर्माण र खेलकुद कार्यक्रम व्यवस्थापनको स्थापनालाई प्रोत्साहन गर्न युवा उद्यमशीलता कार्यक्रमहरूको डिजाइन गरिनेछ।

**३. खेलकुद प्रतियोगिताहरू**

युवामा खेलकुद र खेलकुदमा स्वस्थ प्रतिस्पर्धा प्रवर्द्धन गर्न स्थानीय तथा क्षेत्रीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। खेलकुदमा लैङ्गिक समानता प्रवर्द्धन गर्न खेलकुद प्रतियोगिता तथा प्रतियोगिताहरूमा महिलाहरुको सहभागितालाई प्रोत्साहन गर्न विशेष कार्यक्रमहरू तर्जुमा गरिनेछ।स्व.लोकबहादुर स्मृति उदयपुर गोल्डकप फुटबल,मेयरकप क्रिकेट प्रतियोगिता तथा उपमेयर महिला फुटवल प्रतियोगिता संचालन गरिनेछ ।

**४. प्रतिभा पहिचान र विकास**

विभिन्न खेलकुदमा प्रतिभावान युवाहरुको पहिचान गरी सो को विकास गर्ने नीति लिइनेछ। प्रतिभाशाली युवाहरूलाई विशेष तालिम र कोचिड प्रदान गर्न युवा खेलकुद प्रतिष्ठान स्थापना गरिनेछ।

**५. सामुदायिक संलग्नता र साझेदारी**

खेलकुद गतिविधिहरूमा सामुदायिक संलग्नता प्रवर्द्धन गर्न समुदायमा आधारित संस्थाहरु र खेलकुद क्लबहरूसँग साझेदारी स्थापना गरिनेछ। युवाहरूमा खेलकुद शिक्षा र शारीरिक क्रियाकलापलाई प्रोत्साहन गर्न स्थानीय विद्यालय र विश्वविद्यालयहरूसंगको सहकार्यमा जोड दिइनेछ। दिगो र समावेशी युवा तथा खेलकुद विकासको प्रवर्द्धन गर्न युवा तथा खेलकुद विकासको एकीकृत गुरुयोजना निर्माण गरिनेछ।

**उपक्षेत्र ६ः सामाजिक सुरक्षा तथा पञ्जीकरण**

**१. लाभग्राही दर्ता र अभिलेख**

सामाजिक सुरक्षा भत्ता प्राप्त गने लाभग्राहीको विवरण निरन्तर अद्यावधिक गरिनेछ। सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको कागजात र व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेखलाई लाभग्राहीको माग अनुसार विद्युतीय प्रणालिबाट सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

### २. व्यक्तिगत घटना दर्ता

वडाहरूमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ। टोल विकास संस्थाका पदाधिकारी, महिला स्वास्थ्य स्वयंसेविका र जनप्रतिनिधिका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### ३. कर्मचारी-जनप्रतिनिधि-लाभग्राही कार्यक्रम

लाभग्राहीहरूको आवश्यकता र गुनासोको सम्बोधन गर्न कर्मचारी-जनप्रतिनिधि-लाभग्राही अन्तरसम्वाद कार्यक्रम संचालन गरिनेछ ।

## ग. पूर्वाधार विकास क्षेत्र

### उपक्षेत्र १ः आवास, भवन तथा बस्ती विकास

### १. भवन संहिता कार्यान्वयन

संघीय सरकार र प्रदेश सरकारको साझेदारीमा भवन संहितालाई कडाईका साथ कार्यान्वयन गर्दै विपद उत्थानशील (Disaster Resilience) पूर्वाधार संरचना निर्माणलाई अनिवार्य गरिनेछ। विपद् जोखिम व्यवस्थापनमा सेण्डाई फ्रेमवर्कलाई केन्द्रविन्दुमा राखी Making Cities Resilience-2030 (MCR-2030) का सूचकहरु प्राप्ति गर्न आवश्यक कार्य गरिनेछ ।

### २. सुरक्षित आवास कार्यक्रम

गरिब, एकल, सीमान्तकृत र भूमिहीन दलित तथा सुकुम्वासी परिवारका लागि संघीय सरकारसँग समन्वय गरी सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### ३. वस्ति विकास

सार्वजनिक-निजी साझेदारीमा व्यवस्थित बस्ती विकास कार्यक्रम लागू गरिनेछ। भू-उपयोग ऐन र नियमावली बमोजिम भू-उपयोग योजना लाई थप व्यवस्थित गरि भूमिको समुचित उपयोग मार्फत व्यवस्थित वस्ति विकास गरिनेछ। प्राथमिकताका आधारमा एक वडा एउटा सामुदायिक भवन निर्माण कार्यलाई जोड दिईनेछ।

### ४. निर्माणको मापदण्ड

भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्राथमिकता दिई अव्यवस्थित रूपमा जमिन/घडेरी खार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। पर्यावरण संरक्षणका लागि भवन निर्माण गर्दा सेपटक टाडी, सोक पिट र रिचार्ज पिट निर्माणलाई अनिवार्य गरिनेछ। नगरपालिका क्षेत्रमित्र व्यावसायिक प्रयोजनका लागि निर्माण भएका भवनहरुमा अनिवार्य पार्किङको व्यवस्था गरिनेछ। नगर क्षेत्रमित्र निर्माण हुने आवासीय भवनमा एक घर, एक रुख नीति अवलम्बन गरिनेछ।

### ५. सामाग्री र प्रविधि

घर निर्माण गर्दा स्थानीय सामाग्री प्रयोग गर्ने र तालिम प्राप्त कालीगढबाट घर बनाउन प्रोत्साहनका लागि कालीगढ तालिम सञ्चालन गरिनेछ।

### उपक्षेत्र २ः सडक, पुल तथा यातायात

१. सडक निर्माण र स्तरोन्नतीको योजना र प्राथमिकता नगर यातायात गुरुयोजना (MTMP) अनुसार नगरभित्रका सबै सडक प्राथमिकताका आधारमा निर्माण तथा स्तरोन्नति गर्न नगरपालिका, प्रदेश, संघ र अन्य दातृ निकायबीच सहकार्य र समन्वयको नीति लिइनेछ। त्रियुगा नगरपालिकाको आवधिक योजना र नगर यातायात गुरुयोजना अनुसार प्राथमिकताका आधारमा सडक संजाल निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

**२. समन्वय र सहकार्य**

नगर क्षेत्रमा संचालित सबै भौतिक कार्यक्रम तथा योजनाहरूको तयार गरिएको DPR र DEDR लाई स्थानीय, प्रदेश र संघीय सरकारको सहकार्य र समन्वयमा प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ। संघीय, प्रदेश र स्थानीय सरकारका कार्यक्रममा समावेश सम्भाव्यता अध्ययन र निर्माण कार्यलाई सार्वजनिक निजी साझेदारी (PPP) मा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

**३. भौतिक कार्यक्रमहरू र योजनाहरूको कार्यान्वयन**

बाह्रमासे सडकहरूलाई निरन्तरता दिई प्राथमिकताका आधारमा पक्की सडकमा परिणत गरी नगर गौरव आयोजना संचालनलाई निरन्तरता दिइनेछ। प्रस्तावित निर्माणाधीन तथा निर्माण गरिएका पूर्वाधारहरूको निर्माण तथा सञ्चालन, मर्मत सम्भार, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक मेसिनरी उपकरण तथा औजारहरूको उचित व्यवस्थापन र कार्यान्यिनका लागि नीति अवलम्बन गरिनेछ। साथै नगरपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा गुणस्तरीय पेवर इन्टरलक बल्क लगाउने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

**४. सडक संजाल र अन्य पूर्वाधारको विकास**

- ❖ नगर क्षेत्रमित्रका प्रमुख बजार तथा पर्यटकीय स्थलमा प्राथमिकताका आधारमा पार्किङ, सार्वजनिक शौचालय, प्रतीक्षालय, सूचना बोर्ड जस्ता पूर्वाधार निर्माण गरिनेछ।
- ❖ नगरपालिकाक्षेत्र भित्र रहेका प्रचुर प्राकृतिक स्रोतहरुको अधिकतम उपयोग गरि नगर विकास तथा राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका लागि आवश्यक निर्माण सामाग्रीको सहज आपूर्तिको लागि क्रसिङ्ग तथा वासिङ्ग उद्योग संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ WORLD बैक तथा नगरपालिकाको लगानीमा निर्माणाधिन सडक निर्माण कार्यलाई निर्धारित समयमा सम्पन्न गरिनेछ ।
- ❖ अधुरा वडा कार्यालय भवनहरू निर्माण कार्य आ.व. २०८१/०८२ को अन्त्य सम्ममा सम्पन्न गरिनेछ ।
- ❖ खाँबु डहर-रौता सडक आ.व.२०८१/०८२ मा विस्तार तथा निर्माण कार्य तिव्रता दिई सम्पन्न गर्न सम्बन्धित निकायहरु संग समन्वय तथा पहल गरिनेछ ।

- ❖ त्रि.न.पा १३ मा निर्माणाधिन मदनभण्डारी सभाहल सम्पन्न गर्न संघीय सरकारसंग समन्वय तथा पहल गरिनेछ ।
- ❖ त्रि.न.पा वडा नं १३ बहेडवा र त्रि.न.पा. २ जोडने त्रियुगा नदीमा तथा त्रि.न.पा १६ बेलदोभान स्थित बरूवा खोलामा पुल निर्माण कार्य यसै आ.व देखि प्रारम्भ गरिनेछ।
- ❖ जलजले -मोहनपुर -चकलघाट -तोरीबारी -हाडेबास जोडने सडक निर्माण कार्यलाई तिव्रता दिईनेछ ।
- ❖ **DPR** तयार गरि लुहाले,बबिया,कङ्ग खोला साथै नगरक्षेत्रभित्रका अन्य स्थानमा सडक,पुल तथा महत्वपूर्ण विकास निर्माण कार्यका लागि सम्बन्धित निकायमा बिशेष पहल गरिनेछ ।
- ❖ सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत बाँसको घर निर्माण तथा जस्तापाता वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ निर्माणाधिन अधुरा योजनाहरु क्रमश सम्पन्न गर्दै लगिनेछ ।

**५. सडक क्षेत्राधिकार**

नगरपालिका क्षेत्रभित्र पर्ने मदनभण्डारी राजमार्ग,गाईघाट दिक्तेल सडकको तोकिएको सडक क्षेत्राधिकारभित्र पनें जग्गाहरु तथा नगरद्वारा निर्मित स्थानीय सडकको लगतकट्टा गने प्रक्रियालाई मालपोत,नापी तथा सडक डिभिजन कार्यालयसंग समन्वय गरी प्राथमिकताका साथ अघि बढाईनेछ। वातावरण मैत्री पूर्वाधार निर्माणका लागि सडकको दायाँ बाँया तर्फ वृक्षारोपण गर्ने कार्यलाई अधि बढाइनेछ।

**६. नियमित मर्मत सम्भार तथा आवागमनमा सहजता**

नगर यातायात गुरुयोजना MUNICIPALITY TRANSPORT MASTER PLAN (MTMP) तयार गरि उक्त योजनाभित्र पर्ने सडकमा लगानी गर्ने कार्यलाई प्रथमिकतामा राख्ने नीति अवलम्बन गरिनेछ। नगर क्षेत्र मित्रका सडकको मर्मत सम्भार सडक बोर्ड नेपालसंगको साझेदारीमा गरिनेछ। नगर भित्रका सडकहरुमा नियमित आवागमन सुनिश्चित गर्न सडक मर्मत संभार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। नियमित आवतजावतमा बाधा पुन्याउने कार्यहरु (जस्तै सडकमा निर्माण सामग्री राख्ने, काठको गोलिया राखे, पसल राखे आदि लाई निरुत्साहित गरिनेछ। स्थानीय सडकको भार वहन क्षमता अनुसार सवारी साधन स्वालनको सम्बन्धमा आवश्यक नियमन र व्यवस्थापन गरिनेछ। सडक मर्मत संभार कार्यमा नगरपालिकाको स्वामित्वमा रहेको मेशीनको प्रयोगलाई प्राथमिकता दिइनेछ।बजार क्षेत्र भित्रको ट्राफिक व्यस्थापन र सडक सुरक्षाका क्षेत्रमा ट्राफिक प्रहरीसंग समन्वय र सहकार्य गरिनेछ।

**७. झोलुङ्गे पुल**

नगरका विभिन्न स्थानमा आवश्यकताअनुसार झोलुङ्गे पुल निर्माण र निर्माण भएका पुलको संरक्षण गर्ने नीति लिइनेछ। झोलुङ्गे पुलको नियमित मर्मत सम्मारका लागि तोकिएका पुल संरक्षकहरुलाई आधारभूत मर्मत तालिम र सामग्री उपलब्ध गराइनेछ।

**उपक्षेत्र ३ः जलसोत, जलविद्युत तथा स्वच्छ उर्जा**

**१. विद्युत पहुंच र वितरण**

केन्द्रीय प्रसारण लाइनको पहुँच नभएका टोल बस्तीमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसंग समन्वय गर्नुका साथै अति गरिब परिवारका लागि वैकल्पिक ऊर्जाको व्यवस्था गरिनेछ। टोल, बस्ती र घर उज्यालो बनाउन सरोकारवालाको सहभागितामा वैकल्पिक ऊर्जा(सौर्य ऊर्जा) को विस्तार गरिनेछ। साना, मझौला र ठुला उद्योग धन्दा र व्यापारिक केन्द्रसम्म तीन फेजको लाइन विस्तार गर्न विद्युत प्राधिकरणसंग समन्वय गरिनेछ। उज्यालो नगरका लागि नगर क्षेत्रमा स्ट्रेट स्मार्ट लाईट जडान कार्यलाई निरन्तरता दिईनेछ ।

## २. वैकल्पिक ऊर्जा

वैकल्पिक ऊर्जाको सम्भावना पहिचान गरी सरोकारवालाहरु संगको समन्वयमा उर्जा प्रतिस्थापनको नीति अवलम्वन गरिनेछ ।खनिज इन्धनको प्रयोगलाई न्यूनीकरण गर्दै विद्युतीय उपकरण र सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।समुदायसँगको साझेदारीमा पर्यटकीय क्षेत्र, भवन, सार्वजनिक स्थान, बजार क्षेत्र र कालो पक्की सडक क्षेत्रमित्रका गाउँहरूमा पोलबत्ति बत्ती जडान कार्यलाई निरन्तरता दिईनेछ ।

## उपक्षेत्र ४ः सूचना सञ्चार तथा प्रविधि

## १. सार्वजनिक सेवामा पारदर्शिता र पहुँच

नागरिकको सूचनाको हक कार्यान्वयन गर्न बनेको कानूनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सार्वजनिक सेवालाई सुलभ र पारदर्शी बनाउन नगरपालिकालाई प्रविधिमैत्री नगरको रूपमा विकास गरिनेछ। नगरपालिका र मातहतका कार्यालयको कामलाई अनलाइन बनाउन र सेवाग्राहीलाई सूचना प्रविधिको पहुँच पुर्याउन प्रचारप्रसारका कार्यक्रम संचालन गरिनेछ।

## २. इन्टरनेट र डिजिटल साक्षरता

नगर क्षेत्रमित्रका सार्वजनिक संस्था, विद्यालय, स्वास्थ्य केन्द्र र अन्य संस्थाहरुमा इन्टरनेट सुविधालाई थप प्रभावकारी र सुदृढ बनाइनेछ।नगरवासीहरूमा डिजिटल साक्षरता विकास गर्न आवश्यक तालिम र कार्यक्रमहरू संचालन गरिनेछ। नगरपालिका क्षेत्र भित्रका मुख्य पर्यटकीय क्षेत्रहरुलाई क्रमशः फ्री वाईफाई जोन बनाइनेछ। नगरको मोबाइल एप र कार्यालयको वेव साइटलाई नगरबाट प्रवाह हुने सेवासंग आवद्ध गरी नगरका सबै सूचना तथा सेवाहरूमा शिघ्र तथा सहज पहुँच स्थापना गरिनेछ।

## ३. मिडियार संचार

उदयपुर जिल्लाबाट संचालित संचार माध्यमबाट जनहितका विज्ञापन प्रसारण गर्ने नीति लिइनेछ ।राज्यको चौथो अंगका रूपमा स्थापित सञ्चारकर्मीसंगको सहकार्यमा विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ। संचारकर्मीको क्षमता विकास, संस्थागत विकास र सुरक्षाका लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ। प्रकाशन/प्रसारण कार्यका लागि स्थानीय तथा राष्ट्रिय सञ्चारमाध्यमसँग समन्वय गर्न त्रियुगा सूचना केन्द्र स्थापना गरिनेछ।

## ४. विद्युतीय प्रणालीहरुको स्थापना र सुदृढीकरण

कार्यालयमा संचालनमा रहेका विद्युतीय प्रणालीहरुलाई एकीकृत गरी Integrated System को रुपमा विकास गरिनेछ। आवश्यकतार प्राथमिकताको आधारमा नयां प्रणालीहरुको स्थापना गर्दै लगिनेछ। हाल संचालनमा रहेका विद्युतीय प्रणालीहरुलाई आवश्यकता अनुसार थप स्तरोन्नती र परिमार्जन गर्दै लगिनेछ। प्रणाली

प्रयोगमा सहजता ल्याउनको लागि कर्मचारी र जनप्रतिनिधीहरुलाई क्षमता अभिवृद्धि गरिनेछ। प्रणालीको सुरक्षाका लागि स्पष्ट जिम्मेवारी तोकि IT Audit कार्यलाई अघि बढाइनेछ ।

**५. विद्युतीय तथ्याङ्कको सुरक्षा प्रणाली**

तथ्याङ्क सुरक्षा, प्रयोगकर्ता व्यवस्थापन र पँहुचमा सुरक्षाको लागि न्यूनतम मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ।

**६. प्रविधिमैत्रि सभाहल**

नगरसभा तथा कार्यपालिका वैठक संचालनलाई पारदर्शि तथा प्रत्यक्ष प्रसारणमुखी बनाउन आवश्यक सूचना तथा संचार पूर्वाधारको विकास गरिनेछ ।

**७. विद्युतीय हाजिरी प्रणाली**

हाजिरी प्रणालिलाई व्यवस्थित गर्न लागू भएको ई-हाजिरी प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

## घ. वन तथा वातावरण तथा विपद् व्यवस्थापन

**उपक्षेत्र १ः वन, हरियाली, भू संरक्षण तथा जैविक विविधता**

**१. वन संरक्षण र व्यवस्थापन**

सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारमा र उपयोग विहिन सार्वजानिक, सरकारी जग्गामा फलफूल लगायत अन्य प्रजातिका विरुवा रोपण गर्ने र संरक्षण गर्ने कार्य अभियानको रुपमा संचालन गरिनेछ। **हरियो वन नगरको धन** अभिष्ट पुरा गर्न खाली क्षेत्रमा अनिवार्य विरुवा रोपण कार्यलाई प्रोत्साहन गरिनेछ। रुख कटान मापदण्डको कार्यान्वयन, व्यापक वृक्षारोपणका लागि विरुवा वितरण गरी वातावरणीय जोखिम न्यूनीकरण र वनको सुरक्षा नीति पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

**२. वातावरणमैत्री स्थानीय शासन कार्यक्रम**

खानेपानी मुहान तथा स्रोत संरक्षण, ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, वन संरक्षण तथा दिगो व्यवस्थापन जैविक विविधताको संरक्षण, समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा, ध्वनी प्रदुषण नियन्त्रण लगायत आधारभूत वातावरणीय सूचकहरूको कार्यान्वयन गर्दै नगरपालिकालाई वातावरण मैत्री स्थानीय शासनको निम्ति योजनाबद्ध कार्यक्रमहरुको थालनी गरिनेछ।

**३. पानीका मुहान र सोतहरूको संरक्षण**

पानीको स्थानीय श्रोत तथा मुहान संरक्षण गने नीति अंगीकार गरिनेछ। साथै ताल, पोखरी र सिमसारको दिगो व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

**४. विपद् व्यवस्थापन,जलवायु परिवर्तन र दिगो व्यवस्थापन कार्यक्रम**

विपद् व्यवस्थापन,जलवायु परिवर्तन तथा उत्थानशील व्यवस्थापन कार्यक्रम सचालन गरिनेछ।

**५. जैविक विविधता संरक्षण तथा प्रवर्द्धन**

जैविक विविधताको संरक्षण एवम् प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। पूर्वाधार आयोजनाहरूमा वृक्षारोपण गरी वातावरण र विकास बीच सन्तुलन सुनिश्चित गरिनेछ। लोपोन्मुख जीवजन्तुको संरक्षणका लागि विशेष ध्यान दिइनेछ।

**उपक्षेत्र २ः वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन**

**१. खुला चरण क्षेत्रको व्यवस्थापन**

नगरपालिका क्षेत्रमा रहेको खुला पशु चरन क्षेत्रहरूका कारण वनजङ्गल, हरियाली नासिदै गएकोले वनजङकल जोगाउन र वृक्षरोपण गरीएको ठाउको उचित संरक्षण गर्न उक्त क्षेत्रहरूमा खुला चरिचरनलाई समुदायको सहभागितामा व्यवस्थित गरिनेछ।

**२. फोहोरको न्यूनीकरण र वर्गीकरण**

फोहोरको न्यूनीकरण, वर्गीकरण र पुनः प्रयोगका लागि सचेतनामूलक कार्यक्रम तथा तालिम संचालन गरिनेछ। फोहोरको प्रकृतिअनुसार फोहोर संङ्कलन केन्द्रहरू स्चालन गर्न वडा समितिहरूलाई प्रोत्साहन गरिनेछ। जैविक फोहोर व्यवस्थापनका लागि होम कम्पोष्टिङ प्रविधिको प्रवर्द्धन गरिनेछ । बायोडिग्रेडेबल र नन बायोडिग्रेडेबल फोहोरलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न Solid Waste Management Plan (SWMP) को तयार गरि कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। आफनो टोल सफा राखौं अभियान मार्फत नगर सफा राख्ने कार्यमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ। सार्वजनिक स्थानमा शौचालय निर्माण गरिनेछ। मापदण्ड अनुसार ढलको उचित व्यवस्थापन गरिनेछ।

**३. प्लास्टिक र सिसाजन्य फोहोरको व्यवस्थापन**

मदिरा जन्य सिसाको फोहोर व्यवस्थापनको लागि मदिरा उद्योगका आधिकारिक विक्रेताहरूलाई जिम्मेवार बनाइनेछ। पानीको उपलब्धता र मिनरल वाटरका बोतलका लागि निषेधित क्षेत्रहरू लगायत वातावरणमा मिनरल वाटरको बोतलको प्रभावलाई कम गर्न नीतिहरू अवलम्बन गरिनेछ।

**४.फोहोर व्यवस्थापन केन्द्र**

नगरपालिका क्षेत्रभित्र सिर्जना हुने फोहोरको उचित तथा दिगो व्यवस्थापनका लागि त्रियुगा र चौदण्डीगढी नगरपालिकाको सिमाक्षेत्रमा पर्ने त्रि.न.पा.१ स्थित फूलजोरमा अवस्थित नदिउकास ऐलानी पर्ति बल्क जग्गा कित्ता नं २२ मा फोहोर व्यवस्थापन केन्द्र Dumping site निर्माण कार्यका लागि **DPR** भएकोमा उक्त कार्यका लागि संघ ,प्रदेश सरकार तथा अन्तरपालिका समन्वय तथा सहकार्य मार्फत आवश्यक पूर्वाधारको अविलम्व विकासका लागि कार्य थालनि गरिनेछ ।

**उपक्षेत्र ३ः विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन**

**१. विपद् जोखिम न्यूनीकरणः**

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद पुनर्लाभको क्षेत्रमा काम गर्ने वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई सक्रिय गरी विपद् व्यवस्थापन कोष परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। विपद् व्यवस्थापन समिति, वडा सचिव, टोल विकास संस्थालाई आफनो जिम्मेवारीका विषयमा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ। स्थानीय विपद् र जलवायू परिवर्तन अनुकुलन योजना तयार गरी कार्यान्वयन गरिनेछ।

**२. विपद् जोखिम नक्साङकन**

भूउपयोग वर्गीकरण मार्फत विपद जोखिम लेखाङन र नक्साङनको कार्यलाई निरन्तरता दिइनेछ। विपद् पूर्वतयारी र प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ। विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ। स्थानीय पाठयक्रम र पाठयपुस्तकहरूमा विपद् जोखिमसंग सम्बन्धित स्थानीय स्रोत ज्ञान र सीपहरू प्रयोग गर्ने अवधारणा समावेश गरिनेछ। विपद् जोखिमको प्रभावको लेखाङकन गरी उक्त तथ्याङ्कहरू विभिन्न माध्यमबाट प्रसारित गरिनेछ।

### ३. संवेदनशील वस्ती व्यवस्थापन

संवेदनशील भूउपयोग क्षेत्रमित्रका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र विपद्बाट हुने क्षतीको न्यूनीकरणका लागि संघीय सरकारसंगको सहकार्यमा सुरक्षित आवास कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

### ४. जलवायु परिवर्तन अनुकूलन

नगर क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न सरोकारवालासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ। यसका लागि संघ,प्रदेश र सम्बन्धित सरोकारवालाको सहयोग जुटाउने नीति लिइनेछ।

### ५. वन्यजन्तु व्यवस्थापन

जङ्गली जनावरको आक्रमण तथा बालीनष्ट गर्ने कार्य न्यूनीकरण गर्नको लागि विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।

### ६. पूर्वाधार

त्रियुगा नगरपालिकाका सबै वडा र टोल बस्तीमा एम्बुलेन्स र दमकलको आवागमनलाई ध्यानमा राखी सडक मापदण्ड निर्धारण गरिने र ऐलानी जग्गा नाँपजाँच गर्दा सो कुरालाई मध्येनजर गरि सडकको भाग फराकिलो गरि नक्साङ्कन गरिनेछ ।साथै आगजनी नियन्त्रणका लागि पानी संकलन ट्यांकी र पोखरी निर्माण गरी संरक्षण गरिनेछ।

### ७. सहकार्य र समन्वय

Making Cities Resilience-2030 (MCR-2030) को लक्ष्य प्राप्तिका लागि संघीय सरकार, प्रदेश सरकारसंग साथै United Nations  Office for Disaster Risk Reduction (UNDRR) लगायतका सरोकारवाला निकायहरुसँग सहकार्य र साझेदारी गर्दै जाने नीति अवलम्बन गरिनेछ।

## <u>ङ. सुशासन तथा संस्थागत विकास</u>

### उपक्षेत्र १ः नीति, कानून, न्याय तथा सुशासन

### १. विवाद समाधान

विवाद समाधानका लागि मेलमिलापको माध्यमलाई प्राथमिकता दिइनेछ। विवाद समाधानका लागि नगरपालिकामा रहेको मेलमिलाप समिति र  मेलमिलापकर्ताहरुलाई थप सक्रिय बनाइनेछ। न्याय प्रशासनलाई छिटो, छरितो, सुलभ, निष्पक्ष, प्रभावकारी र जनता प्रति जवाफदेही बनाउन मेलमिलापकर्ताको लागि आधारभूत र पुनर्ताजगी तालिम, सहायता कक्षको स्थापना र कानुनी परामर्शको व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। उत्कृष्ट मेलमिलाप कर्तालाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

## २. मेलमिलाप केन्द्र

सबै वडामा स्थापना भएका मेलमिलाप केन्द्रको व्यवस्थापनमा थप सुधार गरिनेछ। न्याय कार्यान्वयनका लागि मेलमिलाप कर्तालाई आवश्यक र उपयुक्त स्रोत र साधन उपलब्ध गराइनेछ।

## ३. कानुनी साक्षरता र नेतृत्व विकास

कानुनी साक्षरता र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरुलाई सबै वडाका टोलहरुमा विस्तार गरिनेछ। गैरसरकारी संघसंस्थासँगको सहकार्यमा जिल्लाका सबै स्थानीय तहका न्यायिक समितिहरुको सम्मेलन गर्न पहल गरिनेछ।

## ४. न्यायिक समितिको संस्थागत विकास

न्यायिक समितिको सचिवालयमा आवश्यक सामग्रीको उचित व्यवस्था गरी न्यायिक घोषणाको अभिलेख प्रक्रियामा सुधार गरिनेछ। न्याय प्रशासन र विवाद समाधान भएपछि अनुगमन र निरीक्षण गर्न न्यायिक समितिलाई थप सक्रिय बनाइ अनुगमनलाई तीव्रता दिइनेछ। न्यायिक समितिको समग्र कार्य सम्पादनको अनुगमन कार्यका लागि जिल्ला अदालतलाई अनुरोध गरिनेछ।

## ५. नीति तथा स्थानीय कानून निर्माण

आवश्यकता अनुसार नीति, कानुनको परिमार्जन गर्नुका साथै अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक थप कानुन निर्माण कार्यमा क्रियाशिल भई निर्माण भएका कानुनहरुको संशोधन गर्न सैद्धान्तिक, प्रक्रियागत, प्राविधिक सीप विकासलाई संस्थागत गर्दै लगिनेछ। कार्य सम्पादनसँग सम्बन्धित विषयमा आवश्यक कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

## ६. सुशासन नीति

सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई थप सुदृढ तुल्याइनेछ। नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन गरिनेछ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, गुनासो सुनुवाई लगायतका सार्वजनिक उत्तरदायित्वका औजारहरूको कार्यान्वयनलाई थप प्रभावकारी र नियमित तुल्याइनेछ।

## ७. पारदर्शिता

स्थानीय सरकारलाई जवाफदेही, पारदर्शी र जनताप्रति उत्तरदायी बनाउन नगरका महत्वपूर्ण बैठक तथा कार्यक्रमहरू फेसबुक, डिजिटल डिसप्ले, एफएम,युटुब जस्ता माध्यमबाट सार्वजनिक गरिनेछ। नगरपालिकाका निर्णयहरू, वित्तीय अवस्था तथा कार्यसम्पादनसंग सम्बन्धित सूचनाहरू नियमित रूपमा सार्वजनिक गरिनेछ।

## ८. उपभोक्ता हित संरक्षण

### १. अनुगमन र नियमन

उपभोक्ता हकको संरक्षणका लागि दैनिक उपभोग्य वस्तुहरू लगायत बजारको नियमित अनुगमनलाई सरोकारवालाहरूको समन्वयमा नियमित सञ्चालन गरिनेछ। अनुगमन कार्यका लागि बजेटको प्रवन्ध र दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

**२. अत्यावश्यक वस्तुहरूको आपूर्ति र भण्डारणको लागि निगरानी प्रणाली**

अत्यावश्यक वस्तुको आपूर्ति र भण्डारणको लागि अनुगमन प्रणालीको विकास गरी बजारमा एकाधिकार प्रवृत्ति, कृत्रिम अभाव र मुनाफाखोरी जस्ता आपूर्तिमा बाधा पुर्याउने गतिविधि रोक्न अनुगमन समितिलाई सक्रिय बनाइनेछ।

**३. सूचना र चेतना**

उपभोक्ता हित संरक्षण गर्न सूचना तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

**४. खाद्य सुरक्षा**

खाद्य स्वच्छता कायम गर्न, खाद्यवस्तु र माछा मासुको आपूर्ति परीक्षण गर्न जनशक्ति र उपकरणको व्यस्थापन र परिचालन गरिनेछ।

**५. पेशागत स्वास्थ्य र सुरक्षा**

पेशागत स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न होटेल र रेष्टुरेन्टका कामदारहरूका साथै होमस्टेमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य र सुरक्षा मापदण्डहरूको नियमित अनुगमन गरिनेछ।

**उपक्षेत्र २ः सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह**

**१. संस्थागत क्षमता विकास**

स्वीकृत क्षमता विकास योजनाको आधारमा मानव संशाधनलाई समयानुकूल दक्ष र क्षमतावान बनाउनका साथ संस्थागत क्षमता विकासलाई प्राथमिकता दिइनेछ। आन्तरिक कार्य सम्पादनलाई व्यवस्थित र स्वचालित बनाउनका लागि कार्य सम्पादन कार्यविधिको निर्माण गरि लागु गरिनेछ। आन्तरिक कार्यसम्पादन प्रक्रियालाई प्रविधिमा आधारित बनाउदै लगिनेछ।

**२. सार्वजनिक सेवामा पहुंच**

सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्न नगरपालिकाले सार्वजनिक सेवालाई पहुँचयोग्य, पारदर्शी, निष्पक्ष,भ्रष्टाचारमुक्त, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत क्षमता विकास गर्नेछ। सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्नका लागि सार्वजनिक सेवाका मापदण्ड तयार गरिनेछ।

**३. आन्तरिक नियन्त्रण प्रणाली**

पारदर्शिता प्रवर्द्धन गर्न, स्थानीय कानून, ऐन र नियमहरूको पालना गर्न गराउन र सो सम्बन्धी स्वचालित अनुगमन प्रणाली स्थापित गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप परिमार्जन र कार्यान्वयन गरिनेछ। सालबसाली रुपमा अनुदान बढेसंगै बेरुजुको संख्या बढदै गएकोमा उक्त बेरुजुलाई फछ्यौटका लागि आवश्यक कार्यविधि तयार गरिनेछ । बेरुजु फछ्यौट अभियानको बर्षको रुपमा संचालन गरि कर्मचारी तथा जनप्रतिनिधिको नाममा रहेको बेरुजु फछयौट कार्य कडाईका साथ गरी आगामी आ.व. २०८१/०८२ मा कुल बेरुजु संख्याको ६० प्रतिशत बेरुजु फछ्यौट गर्ने लक्ष्य लिएको छ ।

### ४. मानव संसाधन व्यवस्थापन र क्षमता विकास

विधिको शासन, पारदर्शिता, परिणाममुखी व्यवस्थापन र जवाफदेहिताका आधारभूत सिद्धान्तहरूलाई प्रवर्द्धन गरदैं आधुनिक संचार माध्यमको प्रयोग गरी मानव संसाधन र संस्थागत विकासको क्षमता र दक्षता अभिवृद्धि गरिनेछ। प्रचलित कानूनको अधिनमा रही रिक्त दरवन्दीमा स्थायी पदपुर्ति लाई जोड दिदै पदपुर्ति नभएसम्मको लागि दरबन्दिमा रहेका अपुग प्राविधिक जनशक्तिको करार संझौता नवीकरण र मौजुदा जनशक्तिलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

### ५. संगठनात्मक सर्वेक्षण

प्रशासनिक संगठनका महाशाखा, शाखा, उपशाखा र कर्मचारीहरुको कार्यभार, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी मौजुदा संरचनालाई थप व्यवस्थित बनाई सेवा प्रवाहलाई पारदर्शी,प्रतिस्पर्धी, मितव्ययी बनाउन विद्यमान संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको पुनरावलोकन गरिनेछ।साथै हाल कार्यरत करार पदहरु संसोधित संगठन संरचना भित्र नपरेका तर नगरपालिकाको निश्चित परियोजना/कार्यक्रम तथा लक्ष्य पूरा गर्नका लागि लक्ष्यअनुरुप ज्ञान सीप र अनुभव रहेका कर्मचारी हरुमा रहेको ज्ञान सीप र कार्यअनुभव निर्धारित परियोजना/कार्यक्रम सम्पन्न नभएसम्मका लागि नगरपालिकाको आवश्यकता अनुसार समुचित उपयोग गर्ने। प्रचलित कानून तथा स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन,२०८० ले निर्दिष्ट गरेका तथा सम्बन्धित निकायहरुको निर्देशन,सुझाव बमोजिमको व्यवस्था गर्दै स्थायी कर्मचारीको पदपूर्ति मार्फत अस्थायी तथा प्राविधिक करार कर्मचारि लाई विस्थापित गरिदै लगिनेछ।

### ६. कार्यसम्पादन मूल्याङ्कन

नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकलाई कामको मूल्याङ्कन गरी पुरस्कृत र दण्डित गरिनेछ। कार्यसम्पादन करारका सूचकहरुको मूल्याङ्न गर्न अङ्कभारमा आधारित सूचकहरुको निर्धारण गरि सो को मूल्याङ्कनलाई कर्मचारीको कार्यसम्पादनको मूल्याङकनको मूख्य आधार बनाइनेछ।

### ७. उत्कृष्ट अभ्यासहरूको अनुसरण

संघ, प्रदेश र अन्य पालिकाहरूको अतिरिक्त अन्तराष्ट्रिय असल अभ्यास र संस्कृतिलाई सेवा प्रवाह र विकास व्यवस्थापनमा आत्मसाथ गरिनेछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय रहनसहन, संस्कृति, भूगोल, जलवायु, उत्पादन जस्ता विषयमा आधारित भई अन्य नगरसंग भगिनी सम्बन्ध स्थापित गर्न पहल गरिनेछ।

### ८. अनुगमन तथा समन्वय

सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनलाई पारदर्शी, जनमुखी,जवाफदेही, गुणस्तरीय र परिणाममुखी बनाउन नागरिक समाज र अन्य सरोकारवालाको समन्वय र सहकार्यवाट अनुगमनलाई वृद्धि गरिनेछ।

## उपक्षेत्र ३ : राजश्व तथा स्रोत परिचालन

### १. वित्तीय सोत सङकलनको दायरा फराकिलो बनाउने

स्थानीय कर सेवा शुल्क तथा दस्तुर संकलन गर्न Willingness to pay लाई प्रोत्साहन गरी Ability to pay बनाउन सरोकारबालासँग छलफल तथा परामर्श गर्ने कार्यलाई विस्तार गरिनेछ। वित्तीय श्रोत सङकलनको दायरा फराकिलो बनाउदै नगरपालिका, संघ र प्रदेश सरकार र अन्य संस्थाहरूसंगको सहकार्यमा वित्तीय

साक्षरता कार्यक्रमलाई विस्तार गरिनेछ। कर संरचना र करको दरमा सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समतामूलक बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्दै पूर्वाधार र सेवा क्षेत्रमा साझेदारी अभिवृद्धि गरिनेछ। राजश्व सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**२. करदाता पहिचान**

करदाता पहिचानको लागि आगामी आर्थिक वर्षमा सबै करदाताहरूलाई सूचिकृत गरिनेछ। साथै करदाता शिक्षा कार्यक्रमलाई सुदृढ बनाइनेछ।

**३. राजश्व प्रशासनको संस्थागत सुधार**

राजश्व प्रशासनको क्षेत्रमा कार्यदक्षता र व्यावसायिकताका लागि आवश्यक संस्थागत सुधार गरिनेछ। राजस्व प्रशासनलाई थप व्यवसायिक र प्रभावकारी बनाउदै जवाफदेही, दक्ष र किफायती बनाउन प्रविधिको प्रयोग गरी कर संकलनको लागत घटाइनेछ। स्थानीय कर सेवा प्रणालीलाई व्यवस्थित, पारदर्शी र भौतिक क्षमतामा आधारित बनाउन आवश्यक कानुन र नियमावली निर्माण गरिनेछ। कर भुक्तानी गर्न करदातालाई प्रोत्साहित गरिनेछ।

**४. लगानी र व्यवसाय मैत्री कर प्रणाली**

उत्पादनशील उद्योग तथा व्यवसायको संरक्षण र निकासी प्रवर्द्धनमा सहजीकरण गरी कर प्रणालीलाई लगानी र व्यवसाय मैत्री बनाइनेछ। कर प्रशासनलाई व्यवस्थित गर्न गैर सरकारी संस्थासंगको सहकार्यमा करदाता शिक्षा कार्यक्रमलाई विस्तार गरिनेछ।

**५. करदाताहरूका लागि छुटहरू**

मुलुकको असहज आर्थिक अवस्था र न्यून आर्थिक गतिविधिका कारण नागरिकमा पर्ने असरलाई ध्यानमा राखी आर्थिक विधेयक मार्फत सबै करदातालाई जरिवाना र अन्य छुटको प्रस्ताव गरिनेछ।

**६. प्रभावकारी सार्वजनिक खरिद**

प्रचलित खरिद कानुनको पालनका लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। खरिद प्रक्रियालाई पारदर्शी,प्रतिस्पर्धी एवं मितव्ययी तुल्याइनेछ।

**७. स्रोत परिचालन**

स्रोत परिचालनमा विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनलाई आत्मसाथ गरिनेछ।

**उपक्षेत्र ४ः तथ्याङ प्रणाली, योजना र विकास व्यवस्थापन**

**१. तथ्याङ्क प्रणाली**

नगरको वास्तविक अवस्था र आवश्यकताको पहिचान, सरोकारवालाहरुको लागि जानकारी एवं नीति, योजना र कार्यक्रम तर्जुमा र निर्णय प्रक्रियामा उपयोग गर्ने प्रयोजनका लागि नगरपालिकाको जनसङरूया, आर्थिक अवस्था, भू-उपयोग, पूर्वाधार, सार्वजिनक सेवाको अवस्था जस्ता महत्वपूर्ण विषयहरुको तथ्याङक संकलन र विश्लेषण गरी सो विषयक्षेत्रगत सूचना तथा जानकारी समावेश गरिएको वस्तुगत विवरण अध्यावधिक एवं प्रमाणीकरण गरी वेवसाइट र अन्य माध्यमबाट सरोकारवालाको पहुँच स्थापित गरिनेछ।

**२. लगानी प्रतिफलका सुचकको उपयोग**

नगरपालिकाको योजना तर्जुमा तथा बजेट विनियोजनलाई नगरको वस्तुगत विवरण र भरपदों तथ्याङको आधारमा निर्धारण गरीएको विषयक्षेत्रगत नतिजा सूचकलाई आधार बनाइनेछ र योजना तथा कार्यक्रमवाट अपेक्षित नतिजा हासिल भए नभएको मापन गरीनेछ। संकलित तथ्याङको मूल्याङकनका आधारमा निर्धारित परिणाम सूचकहरुमा प्रगतिको नियमित अनुगमन र मूल्याङकन गरि योजना कार्यान्वयनमा उपलब्धि र चुनौतिहरु पहिचान गर्ने, योजनाहरुको समीक्षा गर्ने र अपेक्षित नतिजा प्राप्तिका लागि आवश्यक कारबाही अघि बढाउने पद्दतिको अवलम्वन गरिनेछ। अनिवार्य दायित्व वाहेकका क्षेत्रमा लगानी र प्रतिफलको विश्लेषणका आधारमा विनियोजन गर्ने प्रणाली विकास गरिनेछ।

## ३. सूचना प्रविधिमैत्री नगर

नगरपालिकालाई सूचना प्रविधिमैत्री नगरको रुपमा विकास गरिनेछ। विभिन्न क्षेत्रका खण्डित तथ्याङ्क र अभिलेखको संरक्षण र व्यवस्थापन गर्न नगर सूचना तथा अमिलेख केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ।विद्युतीय पुस्तकालय (ई-लाइबेरी) स्थापना गरिनेछ। सूचनाहरुलाई भौगोलिक सूचना प्रविधिमा आवद्ध गरिनेछ।

## ४. परियोजना र कार्यक्रमको अनुगमन प्रणाली

आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन सुनिश्चित गर्न, कार्यान्चयनको गुणस्तर कायम राख, कार्यतालिका एवं समयसीमाको पालनामा सुधार गर्न र समुदायमा परियोजना र कार्यक्रमहरूको प्रभावको मूल्याङ्कन अनुगमन तथा मूल्याङन प्रणालीलाई प्रभावकारी बनाइनेछ। अपेक्षित नतिजा प्राप्त भएको सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कनका लागि स्पष्ट रूपमा परिभाषित र मापनयोग्य नतिजाहरुमा आधारित अनुगमन योजना तर्जुमा गरी कार्यान्चयनमा ल्याइनेछ।निर्णय प्रक्रियालाई सहयोग गर्न र समयमै सुधार गर्नुपने क्षेत्रको पहिंचान गर्न सहयोग पुयाउने उद्देश्यले नियमित प्रतिवेदन गनें पद्दतिको विकास गरिनेछ। अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने सूचना प्रविधिको र प्रगतिको नतिजा सार्वजनिक गर्न सामाजिक स्जालको उपयोग गरिनेछ। अनुगमनका लागि जिम्मेवार पदाधिकारी एवं कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। आयोजना र कार्यक्रमको अनुगमन र मूल्याङ्कनमा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ।

## ५. भौतिक पूर्वाधार विकास

भौतिक पूर्वाधार विकासमा गरिने लगानीको अपेक्षित उपलब्धिलाई सुनिश्चित गर्न वडा स्तरीय आयोजनमामा रु १ लाख र नगर स्तरीय आयोजनामा रु ५ लाखभन्दा कम विनियोजनलाई निरुत्साहित गर्दै लगिनेछ । आयोजनाहरूलाई बालमैत्री, अपाङ्गमैत्री, सर्वव्यापी पहुँच,वातावरणमैत्री र विपद् जोखिम प्रतिरोधात्मक क्षमतालाई ध्यानमा राखी सञ्चालन गरिनेछ।निर्माणाधिन तथा अधुरा पूर्वाधार विकास कार्यलाई अबिलम्व समपन्न गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

## ६. सार्वजनिक निजी साझेदारी

पूर्वाधार, पार्क, बर्गचा, ऐतिहासिक महत्वका सडक, सम्पदा, रंगशाला, कभर्ड हल, बहुउद्देश्यीय कम्प्लेक्स, हाट बजार पूर्वाधार, फोहोरमैला व्यवस्थापन प्रणाली, पशुपक्षी बधशाला, निजी क्षेत्र, सहकारी क्षेत्र र अन्य विकास

साझेदार र सरोकारवालाहरुको साझेदारी, समन्वय र सहकार्यमा निर्धारण गरिएको सम्भाव्यता अध्ययनको प्राथमिकताका आधारमा निर्माण कार्य गर्दै लगिनेछ।

**७. आर्थिक अवस्थाको तथ्याङ्कको विश्लेषण**

आर्थिक विकासलाई प्रवर्द्धन गर्न स्थानीय आर्थिक सर्वेक्षण, विकास तथा योजनाको पुनर्मूल्याङ्कन, समय सापेक्ष परिमार्जन, आर्थिक विकास संवाद जस्ता कार्यक्रमलाई अगाडि बढाइनेछ। गरिवी र बेरोजगारको तथ्याङ अद्यावधिक गरी लक्षित कार्यक्रमहरू संचालन गर्न संघ, प्रदेश र अन्य दातृ निकाय तथा संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने नीति लिइनेछ।

**८. सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको अवलम्बन**

नगरवासीको आवश्यकता र आकांक्षालाई सम्बोधन गर्न मागमा आधारित भई Bottom-up Approach बाट योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ। तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका चरणहरूमा सरोकारवालाहरूको सहभागितामा वृद्धि गरी स्थानीय लाभग्राहीहरुको अपनत्व र स्थायित्व विकास गरिनेछ।

**९. दिगो विकासका स्थानीय लक्ष्य प्राप्तिको नियमित मूल्याङ्कन**

दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदनका आधारमा दिगो विकास लक्ष्य स्थानीय योजना निर्माण गरी तोकिएको समयावधिभित्र लक्ष्य प्राप्तिलाई सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र सुधारको पद्धति अवलम्बन गरिनेछ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण नगरसभा सदस्य ज्यूहरू,नगर स्थित क्रियाशील राजनीतिक दलहरू, नगरवासी आमाबुबा दाजुभाइ तथा दिदीवहिनीहरु, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवम राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू लगायत सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी आर्थिक वर्षका लागि पेश गरिएको बजेट, नीति तथा कार्यक्रम र सो संग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरि दिनु हुनेछ भन्ने विश्वासका साथ सम्पूर्ण नगरसभा सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

त्रियुगाको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, कोशी प्रदेश सरकार, विकास साझेदार, सहयोगी संघ संस्था र निजीक्षेत्र प्रति त्रियुगा नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग रहनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।